का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ माघ २०७९,

मंगलबार

17 January 2023,

Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## प्रचण्डलाई ओलीको सन्देश

# कांग्रेस र एमाले सँगै हिँड्न सक्दैन

प्रधानमन्त्री प्रचण्डले कांग्रेससँग समेत सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताएपछि झस्किएको एमालेले कांग्रेससँग सँगै हिड्न नसकिने भनी स्पष्टसित भनेको छ । उसैगरी माओवादी पनि कांग्रेससँग दूरी बढाउन नहुनेमा प्रष्ट देखिन्छ ।



“ कांग्रेस र एमाले ठूला शक्ति हुन् । अहिले कांग्रेस प्रतिपक्षीहरुको शक्ति हो । यसकारण पनि कांग्रेस र एमाले एकैठाउँ हुन सम्भव हुँदैन भन्ने प्रधानमन्त्रीले बुझ्नु पर्दछ ।

***प्रदीप ज्ञवाली, उपमहासचिव, एमाले***



“ विश्वासको मत दिएका अधिकांश दल सरकारमा सहभागी हुन्छन् । सरकारमा आउन्न भनेको कांग्रेसले संवैधानिक पदहरुमा चाहना राख्नु अन्यथा होइन ।

***देव गुरुङ, महासचिव, माओवादी केन्द्र***

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ माघ ।

नेकपा एमालेले कांग्रेससँग सँगसँगै हिड्न नसकिने बताएको छ। खासगरी माओवादी केन्द्रलाई एमाले नेताहरुले यस्तो बताएका हुन् ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सभामुख र राष्ट्रपतिका विषयमा लिखित सहमति केही नभएको बताएपछि एमाले नेताहरु झस्किएका छन्। यसकारण पनि एमाले अध्यक्ष ओली र प्रधानमन्त्री प्रचण्डबीच एक्ला एक्लै लामो छलफल चलिरहेको छ। तर निकास निस्किसकेको छैन ।

प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा एमालेले पाँचै वर्ष राष्ट्रपति लिने र प्रधानमन्त्री र सभामुखमा आलोपालो एमाले र माओवादीले नेतृत्व गर्ने सहमति भएको नेताहरु बताउँछन् । तर प्रचण्डले लिखित सहमति नभएको र सर्वदलीय बैठकमा यस विषयमा छलफल हुने बताएका छन् ।

संसद सचिवालयले मंगलबार सभामुखको निर्वाचनको तालिका सार्वजनिक गर्दैछ । बिहीबार सभामुखको निर्वाचन हुँदैछ । गत शनिबार मात्रै प्रधानमन्त्री प्रचण्डले एमालेसँग राष्ट्रपति र सभामुख चयनबारे कुनै लिखित सहमति नभएको मात्रै बताएनन्, यसबारे सर्वदलीय छलफलको तयारी रहेको जानकारी गराए ।

‘अस्ति ओली र मैले सहमति गर्दा कांग्रेस प्रतिपक्ष हुन्छ भन्ने कल्पना गरिएको थियो । जब मलाई कांग्रेसले पनि समर्थन गरिसकेपछि मेरो पनि जिम्मेवारी हुने भयो’ सम्पादकहरुसँग प्रचण्डले भनेका थिए, ‘त्यसैले मैले कांग्रेस लगायतका दललाई धन्यवाद पनि भन्नुपर्नेछ र राष्ट्रपति, सभामुख लगायतका विषयमा के गर्ने भनेर छलफल गर्नुपर्नेछ ।’ प्रचण्डले मंगलबारका लागि सर्वदलीय बैठक बोलाएका छन् ।

१० पुसमा प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गर्ने क्रममा नै एमालेले राष्ट्रपति र सभामुख आफूले पाउने सुनिश्चित

– बाँकी पृष्ठ २ मा

# तीन सातापछि शक्ति बाँडफाँड



“ मन्त्रालयको भागवन्डाका लागि सत्ता साझेदार दलहरुको बैठक पुन: बस्नुपर्ने छैन् । आज दिउँसो १ बजे नयाँ मन्त्रीहरुको शपथ हुन्छ ।

■ **रवि लामिछाने**
**उपप्रधान तथा गृहमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ माघ ।

११ पुसमा पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीको शपथ ग्रहण गरे । त्यसैदिन अन्य सात जना मन्त्रीले पनि शपथ लिए । तर, चार जना मन्त्रीले तीन सातासम्म मन्त्रालयको जिम्मेवारी पाउन सकेनन् । कारण तीन साता सम्मै सत्ता साझेदार दलहरुका बीचमा शक्ति बाँडफाँड भएन।प्रधानमन्त्री प्रचण्डले नै विश्वासको मत लिएपछि मन्त्रिपरिषद्लाई पूर्णता दिने बताएपछि सोही अनुसार भागवण्डा पनि टुंगो लागेन । तर, सोमबारसम्म आइपुग्दा संघीय मन्त्रालयको भागबन्डामा सत्ता साझेदार दलहरु नजिक पुगे ।

नेताहरुका अनुसार नेकपा एमालेले ८ मन्त्री र दुई राज्यमन्त्री लिने समझदारी छ । हाल उपप्रधानमन्त्री रहेका विष्णु पौडेलले अर्थ मन्त्रालय सम्हालिसकेका छन् । तीन मन्त्रीले विभागीय मन्त्रीले जिम्मेवारी पाएका छैनन् । ८ मन्त्रालय पाउँदा एमालेका थप चार जना मन्त्री थपिनेछन् ।

> नेताहरुका अनुसार एमालेले ८ मन्त्री र दुई राज्यमन्त्री, नेकपामाओवादी केन्द्रले ४ मन्त्री र एक राज्यमन्त्री, रास्वपा ३, राप्रपा र जसपा २/२, जनमत, नागरिक उन्मुक्ति पार्टी र लोसपा एक/एक मन्त्रालय लिएर सरकारमा जानेछन् ।

नेकपा माओवादी केन्द्रले ४ मन्त्री र एक राज्यमन्त्री पाउने समझदारी छ। माओवादीबाट उपप्रधानमन्त्री भएका नारायणकाजी श्रेष्ठले भौतिक पूर्वाधार मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ३ मन्त्री पाउने भनिएको छ । रास्वपा सभापति रवि लामिछाने

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# जिसी प्यानलले प्रधानमन्त्रीसमक्ष राख्यो व्यवसायीका एजेण्डा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संघको २९औं साधारण सभा उद्घाटका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई आग्रह गरेको छ। संघ तदर्थ समिति संयोजक विमल ढकाल, सह-संयोजक प्रेमबहादुर कटुवाल तथा सदस्य सचिव प्रज्ञान न्यौपानेले सोमबार प्रधानमन्त्री दाहाललाई भेटेर संघको साधारण सभा उद्घाटन गरी व्यवसायीहरूको हौसला बढाइदिन आग्रहसहित निमन्त्रणा पत्र दिएका थिए ।



जवाफमा प्रधानमन्त्री दाहालले वैदेशिक रोजगार व्यवसायीले रेमिट्यान्स भित्र्याउन खेलेको भूमिका महत्वपूर्ण रहेको भन्दै व्यवसायीहरूका कुरा सुन्न इच्छुक भएकाले सकेसम्म साधारण सभा उद्घाटन गर्ने बताएको संयोजक ढकालले जानकारी दिए। यसअघि ढकाल अध्यक्ष रहँदा नेपाली कांग्रेसका सभापति तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संघको साधारण सभा उद्घाटन गरेका थिए ।

त्यसैगरी डा. ईश्वर जिसीले नेतृत्व गरेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त

– बाँकी पृष्ठ २ मा

## आ–आफ्नो शक्ति प्रदर्शन गर्दै खनाल र गुरुङ प्यानल

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको कुमुद खनाल प्यानलले सिनामंगल क्षेत्रका व्यवसायीहरूबीच उम्मेदवारहरूको सामूहिक परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ। सिनामंगल क्षेत्रमा कार्यालय सञ्चालन गरेका व्यवसायीहरूको बाक्लो उपस्थिति रहेको कार्यक्रममा अध्यक्षका उम्मेदवार खनालले आफ्नोतर्फबाट अगाडि बढाएका प्रतिवद्धता राखेका थिए ।

संघ अध्यक्षका प्रत्यासी खनालले आफू लोकतन्त्रमा आस्था राख्ने व्यवसायीबीच छलफल र सहमतिको आधारमा एउटा प्यानल प्रतिस्पर्धा गर्ने

– बाँकी पृष्ठ २ मा

# स्ववियु चुनाव हुनेमा ढुक्क !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ माघ ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन आगामी चैत ५ गते गर्ने निर्णय गरेसँगै विद्यार्थी नेताहरु उत्साहित बन्न थालेका छन्। वर्षौंदेखि राजनीतिक खिचातानीका कारण स्थगित हुँदै आएको स्ववियु निर्वाचन यो पटक हुनु खुसीको कुरा भएको भन्दै विद्यार्थीहरुले विभिन्न कलेजमा तयारी सुरु गरेका छन् ।

पछिल्लोपटक ०६५ मा त्रिविका सबै आंगिक र सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियु चुनाव भएको थियो भने ०७३ मा केही क्याम्पसमा चुनाव भए पनि ती क्याम्पसमा पनि तेस्रोपटक चुनाव हुनुपर्ने समय गुज्रिसक्दासमेत स्ववियु निर्वाचन हुन सकेको छैन । तसर्थ, विद्यार्थी राजनीतिबाटै उदाएका नेकपा एमालेका महासचिव शंकर पोखरेल वास्तविक विद्यार्थीले नेतृत्व गरेर चुनाव समयमै सम्पन्न हुनुपर्नेमा जोड दिन्छन् । ‘अब, विद्यार्थीको नेतृत्व गरिरहेका नेताहरुले नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरेर वास्तविक विद्यार्थीले मात्रै स्ववियु र विद्यार्थीहरूको नेतृत्व गर्नुपर्छ,’ विद्यार्थीलाई प्रशिक्षित गर्दै उनले भने। महासचिव पोखरेलले स्ववियु निर्वाचन समयमै सम्पन्न गरेर विद्यार्थीको हकहितका लागि लाग्न पनि निर्देशन दिएका छन् ।

सबै विद्यार्थी संगठनको सल्लाह र परीक्षा, भर्ना कार्यतालिकालाई असर नपर्ने गरी विद्यार्थी कल्याण परिषद्ले निर्वाचनको मिति तय गरेको हुँदा निर्वाचन सर्ने सम्भावना नभएको त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद

– बाँकी पृष्ठ २ मा


## चुनाव केन्द्रित व्यावसायिक भेला

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही २०७९ माघ ६ गते हुन गइरहेको निर्वाचनसहितको २९औं साधारण सभाको सफलता, वै.रो. व्यवसायीका तमाम समस्या र आगामी नेतृत्वको जिम्मेवारीका सन्दर्भमा गहन छलफल गर्नका लागि धुमबाराही, चक्रपथ, बसुन्धारा, सामाखुसी, टोखा, गोंगबु, नयाँ बसपार्क, बालाजु, सितापाईला देखि कलंकी क्षेत्रमा कार्यालय स्थापना गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहनु भएका सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीज्यूहरु निम्न मिति, समय र स्थानमा उपस्थित भई कार्यक्रममा आ-आफ्नो गहन भूमिका निर्वाह गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

मिति : २०७९/१०/०३ गते (आजै)
समय : अपराह्न ३ बजे
स्थान : स्काई पार्टी प्यालेस सामाखुसी चोक, काठमाडौं

हरि बहादुर पाण्डे क्षेत्री
(अध्यक्ष)

नेपाल वैदेशिक रोजगार व्यावसायिक एकता समिति
सामाखुसी, काठमाडौं



## हार्दिक निमन्त्रणा

आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरू,

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ०६ गते सम्पन हुन गइरहेको निर्वाचनका लागि संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायीको तर्फबाट भुवनसिंह गुरूङ समुहको उम्मेद्वारी घोषणा सभामा यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

स्थान : दियालो फूडल्याण्ड, बसुन्धारा, काठमाडौं ।
मिति : २०७९/१०/03 गते
समय : दिउँसो २:30 बजे

दानबहादुर बुढाथोकी
संयोजक
चुनाव प्रचार प्रसार समिति
संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी समुह



## UAE को प्रतिष्ठित Semi Government कम्पनीमा महिला तथा पुरुष Security Guard तथा House Keeping मा रोजगारको अवसर

**COMPANY : TRANSGUARD GROUP** **CITY: DUBAI**

पूर्व स्वीकृत मितिः २०७९/०७/२३ चलानी नं.: ६०१९०८४४ LT. No.:275113 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (House Keeping) | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guards | 0 | 100 | | 2000 | ७०,७०० | | | | | | | |

नोट:❖ Security Guard को पुरूषको हकमा उचाई ५ फिट ७ ईन्च साथैको महिलाको हकमा उचाई ५ फिट ३ ईन्च हुनुपर्नेछ ।
❖ English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।

भिसा १ हप्ता भित्रमा प्राप्त हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ४, ५, ११ र १२ गते (18, 19, 25 & 26 Jan. 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801051244 | 9801175502 | 9801175503

मध्यान्ह
www.madhyanhadaily.com
३ माघ २०७९, मंगलबार
17 January 2023, Tuesday

# कृषि पेशामा रम्दै रेशम, वार्षिक ४ लाख बढी कमाई

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २ माघ

करिब पाँच वर्षदेखि माछा तथा पशुपालन व्यवसायमा रम्दै आएका छन्, रमेश कुमार थापा । सुर्खेतको पञ्चपुरी नगरपालिका वडा नम्बर ८ सिलचौरका थापाले दुईवटा पोखरी निर्माण गरेर करिब ५ वर्ष अघिदेखि माछा तथा पशुपालन पालन गर्दै आएका छन् । रुपैयाँ भन्दा बढी फर्ममा लगानी भएको र २० लाख भन्दा बढी आम्दानी भएको थापा बताउँछन् । पछिल्लो समय उनले पन्चुरी मात्र नभई सुर्खेतमा नै राम्रो पहिचान बनाउन सफल भएका छन् ।

२०७३ सालदेखि माछा तथा पशुपालन शुरु गरेका उनले वार्षिक साढे ४ लाखसम्म कमाउँदै आएका छन् ।

माछा तथा पशुपालन पालन व्यवसाय गर्नुभन्दा पहिले उनी तीन वर्षको लागि विदेशमा गएर करिब दुई वर्षमात्रै बसेर आएका हुन् । उनी अहिले वार्षिक माछा पालनबाट मात्रै २ लाख रुपैयाँसम्म कमाउने गर्दछन् ।

२ सय ५० वटा भुराहरु राखेर माछा पालन शुरु गरेका थापा अहिले पन्चपुरी मात्र नभई सुर्खेतकै नमुना कृषक बन्न सफल भएका छन् ।

सुरुमा २०७३ सालमा २ सय ५० वटा माछाबाट व्यवसाय शुरु गरेका थापालाई २ सय ५० माछाले राम्रो आम्दानी दिएकोपछि उनले यही व्यवसायबाट नै मैले राम्रो आम्दानी गर्न सक्छु भन्ने लागेको बताए । उनले माछा पालनसँगै हाँस, लोकल कुखुरा, ब्रोईलर पालेका छन् । उनको फार्ममा अहिले १५ वटा हाँस, तिन सय ब्रोईलर कुखुरा र ९ वटा लोकल कुखुरा रहेका छन् । उनले एक किलो माछालाई रु.६ सयमा बेच्ने गर्दछन् ।

कति ठाउँमा माछा भएर पनि बिक्री हुँदैनन्, तर उनको ठाउँमा भने माछा खाने ग्राहकहरुको भिड लाग्ने गर्दछ । ग्राहक माछा खोज्दै फर्ममा आउने गरेतापनि माग अनुसारको उत्पादन गर्न नसकेको थापा बताउँछन् । फार्ममा अहिले दुई हजार बढी



माछाका भुरा रहेका छन् ।

उनले माछाका भुराहरु पहिले बर्दियाको बढैयातालबाट ल्याउँथे भने केही एक हप्ता अगाडि मात्रै कैलालीको सुक्कडदेखि ल्याएका छन् । साथै उनले २०७३ सालमा नै एउटा फर्म दर्ता गरे । फर्मको नाम हो, 'मिना मत्स्य तथा पशुपन्छी पालन फर्म,' एकातिर माछा, हाँस, ब्रोईलर, लोकल कुखुरा छन् भने एकातिर टिमुर खेती, करिब ९, १० वर्षदेखि नै टिमुरमा लाग्दै आएका थापाले २०७३ सालबाट माछा पालन व्यवसाय शुरु गरेका हुन् ।

उनले पन्चपुरी नगरपालिका वडा नम्बर ७ मा टिमुर खेती पनि गर्दै आएका छन् । सोही ठाउँका एक जनालाई टिमुर खेति रेखदेखको लागि काम गर्ने मान्छे समेत राखेका छन् । काम गर्ने व्यक्तिले टिमुर रेखदेख गरेका मात्रै महिनाको ५ हजार रुपैयाँ लिने गर्दछन् । थापाको घरमा दुईवटा छोराहरु छन् । छोराहरु यही व्यवसायबाट आएको पैसाले पढ्छन् भने घर खर्च पनि यही पैसाले धान्ने गरेको थापाले बताए । उनको ठाउँमा व्यवसायको लागि बजारीकरणको कुनै समस्या नभएको उनको उनी बताउँछन् । उनलाई पहिले देखि नै विभिन्न सरकारी निकायहरुले सहयोग गर्दै आएका छन् । व्यवसाय गर्ने सोच बनाएका कृषकहरुले बजारीकरण, उपयुक्त ठाउँ, समयमा जस्ता कुरामा ध्यान दिएर मात्रै व्यवसाय गर्न उनले आग्रह गरेका छन् । सुरुमा व्यवसाय गर्दा आर्थिक, प्रतिष्पर्धा, फोर्म दर्ता जस्ता कुराले निकै समस्या बनाउने गरेको उनको भनाई छ । राज्यले पनि विभिन्न अनुदान, उत्कृष्ट कृषक घोषणा, घरघरमा पुगेर तालिम, औषधि जस्ता सेवा सुविधा दिन सके आफू एक सफल कृषक भएर देशलाई नै चिनाउने उनको लक्ष्य छ । उनको फर्ममा हाल कारयो जातका माछाहरु पाइन्छन् ।

### विमान दुर्घटना

## दुई जना अझै बेपत्ता, 'ब्ल्याक बक्स' भेटियो

**काठमाडौं/मस-** आइतबार पोखरामा दुर्घटना भएको यती एयरलाइन्सको विमानको 'ब्ल्याक बक्स' भेटिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलले सोमबार बिहान 'ब्ल्याक बक्स' भेटिएको जानकारी दिए । ब्ल्याक बक्स विमान दुर्घटनाको कारण पत्ता लगाउन महत्वपूर्ण मानिन्छ । ब्ल्याक बक्समा 'फ्लाइट राडर रेकर्ड' र 'ककपिट भ्वाइ रेकर्ड' हुन्छ । प्रवक्ता निरौलाका अनुसार ब्ल्याक बक्स नेपाली सेनालाई बुझाइएको छ ।

दुर्घटनामा परेकामध्ये हालसम्म ७० जनाको शव फेला परेकामा पहिचान भएको २४ जनाको शव पोखरामा परीक्षण गरिने भएको छ । बाँकी शवको नेपाली सेनाको हेलिकप्टरबाट मंगलबार काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा थप परीक्षणका लागि पठाइने कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जानकारी दिए । उनका अनुसार आफन्तबाट पहिचान भएका शवहरु पोखरामा नै शव परीक्षण गरी परिवारलाई हस्तान्तरण गरिने छ ।

पहिचान हुन नसकेका शवको हवाई दुर्घटनाको अन्तर्राष्ट्रिय प्रोटोकलअनुसार मृतकको शरीरको भिसेरा र डिएनए परीक्षण लगायतका अन्य आवश्यक प्रक्रिया पूरा गरेर मात्र हस्तान्तरण गर्न सकिने राय काठमाडौंबाट आएका फरेन्सिक विभागका चिकित्सकहरुले दिएका थिए । शव राजधानी लैजानका लागि सोमबार नै सेनाको हेलिकप्टर पोखरा पुगेको भए पनि प्रक्रिया पूरा नहुँदा रोकिएको थियो ।

### प्रचण्डलाई...

गराएको थियो । त्यसैदिनको सहमति अनुसार, सातै प्रदेशको सरकार निर्माण प्रक्रिया अगाडि बढेको छ । तर कांग्रेसले पनि विश्वासको मत दिएपछि प्रचण्डको अभिव्यक्ति बदलिएको छ, निर्णय प्रक्रिया अवरुद्ध छ ।

माओवादी महासचिव गुरुङ कांग्रेसले संवैधानिक पदहरुमा चाहना राख्नु स्वभाविक देख्छन् । उनी भन्छन्, 'विश्वासको मत दिएका अधिकांश दल सरकारमा सहभागी हुन्छन् । सरकारमा आउन्न भनेको कांग्रेसले संवैधानिक पदहरुमा चाहना राख्नु अन्यथा होइन ।'

यस मामिलामा एमालेले प्रष्टरुपमा आफ्नो बटमलाइन राखेको नेताहरु बताउँछन् । एक नेता भन्छन्, 'प्रचण्डले कांग्रेसलाई पनि साथमा लिनुपर्ने भयो भन्ने आशयको कुरा गरिसकेपछि स्वभाविक रुपले केही प्रश्नहरु खडा भएको छ ।'

अर्थात, प्रधानमन्त्री प्रचण्डले कांगेससँग समेत सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताएपछि झस्किएको एमालेले कांग्रेससँग सँगै हिड्न नसकिने भनी स्पष्टसित भनेको छ । एमालेका उपमहासचिव प्रदीप ज्ञवाली भन्छन्, 'कांग्रेस र एमाले ठूला शक्ति हुन् । अहिले कांग्रेस प्रतिपक्षीहरुमध्येको शक्ति हो । यसकारण पनि कांग्रेस र एमाले एकैठाउँ हुन सम्भव हुँदैन भन्ने प्रधानमन्त्रीले बुझ्नु पर्दछ ।'

यस विषयमा माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीबीच समेत छलफल भएको छ । नेताहरुकाअनुसार छलफलमा प्रचण्डलाई ओलीले कांग्रेस र एमाले सँगै हिँड्न नसक्ने सन्देश दिएका छन् ।

### तीन...

उपप्रधानमन्त्री तथा गृहमन्त्री भइसकेका छन् । अब रास्वपाले स्वास्थ्य तथा जनसंख्या र युवा तथा खेलकुद मन्त्रालय पाउने भनिएको छ । खेलकुदमा माओवादीको पनि दाबी रहेको नेताहरु बताउँछन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) उर्जासहित २ मन्त्रालय लिएर सरकारमा जानेछ । जनता समाजवादी पार्टी (जसपा) सहरी विकास र अर्को एक मन्त्रालय पाउनेछ । जनमत, नागरिक उन्मुक्ति पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) एक/एक मन्त्रालय लिएर सरकारमा जानेछन् ।

सभामुख, उपसभामुख, राष्ट्रपति र उपराष्ट्रपतिका विषयमा छलफल जारी छ । प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा एमालेले पाँचै वर्ष राष्ट्रपति लिने, उपराष्ट्रपति माओवादीले लिने, सभामुखमा एमाले र माओवादीले आलोपालो गर्ने र उपसभामुख माओवादीले लिने सहमति भएको नेताहरु बताउँछन् । तर, विश्वासको मत दिन कांग्रेस सहितका दलहरु आएपछि यो विषयमा सत्ता साझेदार दलहरुको साझा धारणा तय हुन नसकेको हो । तर, एमाले नेताहरु विगतको सहमति अनुसार नै अगाडि बढिने बताउँछन् ।

समग्र विषयमा छलफल गर्न प्रधानमन्त्री प्रचण्डले मंगलबार आफूलाई विश्वासको मत दिने दलहरुको बैठक बोलाएका छन् ।

उक्त बैठकले संवैधानिक पदहरुका विषयमा एउटा निष्कर्ष दिने माओवादी नेताहरुको जवाफ छ ।

### जिसी...

प्यानलका उम्मेदवारहरूले पनि सोमबार नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री दाहाललाई भेट गरेर साधारण सभा उद्घाटनका लागि संघले दिएको निमन्त्रणाअनुसार उपस्थित भइदिन आग्रह गर्दै वैदेशिक रोजगार व्यवसायले नेपालको अर्थतन्त्रमा वर्तमान र भविष्यमा दिने योगदानका विषयमा सम्बोधन गरी व्यवसायीमा उत्साह भर्न आग्रह गरेको छ ।

अध्यक्षका उम्मेदवार जिसीले आफूले सरकारले उपयुक्त निर्णय नगरिदिँदा वैदेशिक रोजगारमा जाने कामदारले म्यानपावर व्यवसायीलाई तिरेको सबै रकमको रसिद नपाएको र व्यवसायीले पनि आफूले कामदार पठाएवापत लिएको रकमको सरकारलाई कर तिर्न नपाएको जटिलताका विषयमा प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको बताए ।

त्यसैगरी आफूहरूले वैदेशिक रोजगार व्यवसायलाई हालैको अवस्थाबाट स्तरोन्नति गरी होटल तथा बैंक जस्तो सेवा उद्योगका रूपमा स्थापित गर्न आग्रह पनि गरेको जानकारी दिए । जवाफमा प्रधानमन्त्री दाहालले निर्वाचनमा जितका लागि शुभकामना दिँदै संघको निर्वाचित कार्यसमितिसँग समस्या समाधानका सम्बन्धमा विस्तृत छलफल गर्ने आश्वासन दिएको जिसीले बताए ।

यसैबीच सोही संयुक्त प्यानलले ललितपुरमा व्यवसायीहरूसँग अन्तरक्रिया सम्पन्न गरेको छ ।

हिमालय होटलमा उक्त प्यानलले यसअघिका कार्यक्रम परिवर्तन गरी राउन्ड टेबुलमा ललितपुरका व्यवसायीका समस्या सुनी संघमा निर्वाचित भएपछि गर्न सक्ने सुधारका विषयमा प्रतिवद्धता जनाएको छ ।

डा. जिसीको प्यानलले निर्वाचित भएको तीन महिनाभित्र संघको भवन निर्माण गर्न शुरु गर्ने, संख्या सयको प्रावधान खारेज, कामदारको महिनाको तलब बराबर हुने गरी सेवा शुल्क परिमार्जन, सबै प्रकारको सिण्डिकेटहरुको अन्त्य गरी वैदेशिक रोजगार कसुरलाई फौजदारी कानून अन्तर्गत नभई देवानी तथा वाणिज्य कानून अन्तर्गत फछ्र्यौट गराउनुपर्ने, संघको मध्यस्थतामा उजुरी प्रतिनिधिमार्फत फछ्र्यौटको व्यवस्था, पूर्व स्वीकृतिसम्बन्धी दफा १५ देखि १९ सम्मको व्यवस्था खारेज गरी रोजगार सम्झौताअनुसार एकैचोटी अन्तिम श्रम स्वीकृति, धरौटी वृद्धिपछि छुट्टाछुट्टै इजाजतपत्र लिनुपर्ने व्यवस्थाको अन्त्य लगायतका एजेण्डा उठाएको छ ।

सो प्यानलको प्रथम उपाध्यक्षमा मञ्चका अध्यक्ष कान्तिपुर मेनपावर प्रा.लि.का सञ्चालक धनलाल जैसी, द्वितीय उपाध्यक्षमा सुप्रिम ओभरसिज प्रा.लि.का बाबुराम खड्का, तृतीय उपाध्यक्षमा कन्फिडेन्ट इन्टरनेशनल प्रा.लि.का अनिल बोगटी, महासचिवमा इम्प्लोइमेन्ट लिंक नेपालका मधुकर रिजाल, सचिवमा अजम्बरी ओभरसिज प्रा.लि.का टक्करबहादुर पाखिन, कोषाध्यक्षमा इम्पावर ह्युमन रिसोर्सेज प्रा.लि.का केदारनाथ अधिकारी रहेका छन् ।

सदस्यमा शेरमान ग्लोबल म्यानेजमेन्ट ओभरसिज प्रा.लि.का गणेश कुँवर, आयुष ओभरसिज प्रा.लि.का कामेश्वर साह राहुल, फ्युचर लिंक इन्टरनेशनल प्रा.लि.का फिरोज खान, एसआर ग्रुप कम्पनीका सन्दीप पुडासैनी, ग्यालेक्सी युनिभर्सल सर्भिस प्रा.लि.का एक नारायण काफ्ले, पाण्डा ह्युमन रिसोर्सेज प्रा.लि.का प्रेमबहादुर गिरी, दि एक्वायर ग्रुप प्रा.लि.की देवी माया थापा, शिभम इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.का शिवबहादुर कुँवर र स्यारोन म्यानपावर सर्भिस प्रा.लि.का सरोज कुशवाह रहेका छन् ।

कार्यक्रममा अध्यक्षाका उम्मेदवार जिसीले सम्मानित वैदेशिक रोजगारका लागि आफ्नो उम्मेदवारी रहेको बताए । अध्यक्ष जिसीसहित प्यानल अन्य उम्मेदवारहरूले आफ्नो प्यानलको प्रमुख उद्देश्य व्यवसायीको सामाजिक प्रतिष्ठा अभिवृद्धि गरेर व्यवसायीहरूको शिर ठाडो पार्नु रहेको प्रतिवद्धता जनाएका छन् ।

### आ-आफ्नो ...

विषयमा खुला रहेको बताए । यसअघिका कार्यक्रमजस्तै खनालले आफू विगत २३ वर्षदेखि व्यवसायमा रहेको र संघमा विगतमा विभिन्न जिम्मेवारीमा रहँदा व्यवसायीको हित विपरीत औंला उठाउने एउटा पनि कमजोरी नगरेकाले निसंकोच आफू र आफ्नो प्यानलका उम्मेदवारहरूलाई मतदान गर्न आग्रह गरे ।

अध्यक्षाका उम्मेदवार खनालले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका समस्याहरूको अविलम्ब समाधान गर्न वैदेशिक रोजगार विभागलाई दबाब दिने, वैदेशिक रोजगार व्यवसायी भलाइ कोषको कार्यान्वयन गराउने, वैदेशिक रोजगारीमा जाने कामदारको लागत परिभाषित गराई सेवा शुल्कको विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउने, विगतमा फ्रि भिसा फ्रि टिकट निर्णय लागू गर्दा भविष्यमा परिमार्जन गर्ने भन्दैमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग गरेको ३१ बुँदे सहमतिमा पुनरावलोकन गर्नेसहित संघको भवन निर्माण र व्यवसायीका दैनिक समस्य कुनै विलम्ब नगरी समाधान गर्ने बताए । आफू व्यक्तिगत इच्छा भन्दा एशोसिएसनको निर्णयका आधारमा अध्यक्षको उम्मेदवार बनेको भन्दै विधि र पद्धतिमा सबै बस्नुपर्ने बताए ।

संघका निवर्तमान कार्यवाहक अध्यक्ष कमल तामाङले लोकतान्त्रिक प्यानलका आधिकारिक उम्मेदवारहरू संघमा निरन्तर काम गरी वैदेशिक रोजगार व्यवसायका समस्या र समाधान बुझ्ने अनुभवी टिम रहेकाले व्यवसायीले मतदान गरी संघमा विजयी गराउन आग्रह गरे । उनले हाल केही व्यवसायीले असन्तुष्टि राखे पनि लोकतान्त्रिक पद्धतिमा आस्था राख्ने व्यवसायी एक ठाउँमा आउने र एउटामात्र प्यानल बन्ने वातावरण बनिरहेको भन्दै खनालको प्यानलका उम्मेदवार हरूलाई मतदान गर्न आग्रह गरे ।

तराई मधेश वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष नवलकिशोर यादवले खनाल प्यानलका उम्मेदवारहरू कुशलतापूर्वक संघलाई नेतृत्व दिँदै व्यवसायीहरूका समस्या समाधानका लागि प्रतिवद्ध रहेकाले संघमा विजयी गराउनुपर्ने आग्रह गरे । अन्तरक्रिया शैलीमा सञ्चालन भएको कार्यक्रम वरिष्ठ उपाध्यक्ष तारानाथ अर्यालले सञ्चालन गरेका थिए । कार्यक्रममा उम्मेदवार हरूको सामूहिक परिचय गराइएको थियो । खनाल प्यानलबाट प्रथम उपाध्यक्षमा किशोरकुमार केसी, द्वितीय उपाध्यक्षमा अखतर हुसेन, तृतीय उपाध्यक्ष सञ्जय पनेरु, महासचिवमा मेघनाथ भुर्तेल, सचिवमा कर्णराज कटुवाल र कोषाध्यक्षमा हिमा गुरुङ आधिकारिक उम्मेदवार रहेको एशोसिएसनले बताएको छ ।

त्यसैगरी सदस्यका उम्मेदवारहरूमा चन्द्रबहादुर लिम्बू, कैलाश पाठक, तोरणकुमार कार्की, नारायण भुसाल, राजकाजी भोलान, विक्रम श्रेष्ठ, कामेश्वर साह, मो. इजरायल, फिरोज खान र चन्द्रकमल श्रेष्ठ आधिकारिक उम्मेदवार भएको एशोसिएसनले बताएको छ ।

अध्यक्ष खनाल फयुजन इन्टरनेशनल प्रा.लि., प्रथम उपाध्यक्ष केसी एसआरके नेपाल ओभरसिज प्रा.लि., द्वितीय उपाध्यक्ष हुसेन ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि., तृतीय उपाध्यक्ष पनेरू गुडलक इन्टरनेशनल प्रा.लि., महासचिव भुर्तेल नील कमल ह्युमन रिसोर्स प्रा.लि., सचिव कटुवाल डायमण्ड स्टाफिङ सोलुसन प्रा.लि. र कोषाध्यक्ष गुरूङल वीनर सोलुसन प्रा.लि.का सञ्चालक हुन् ।

त्यसैगरी सदस्य उम्मेदवार हरूमा लिम्बू उज्यालो ओभरसिज प्रा.लि., भुसाल युरो एशिया म्यानपावर प्रा.लि., विक्रम श्रेष्ठ शुभहारती म्यानपावर प्रा.लि. र कार्की फाइनजब रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक हुन् । भलोन राज ग्रुप अफ कम्पनी प्रा.लि., साह आयुश इन्टरनेशनल ओभरसिज प्रा.लि., मो. इजरायल ओमामा म्यानपावर प्रा.लि., श्रेष्ठ सुपर्व फर अल्टिमेटम म्यानपावर प्रा.लि., खान फ्युचर लिंक म्यानपावर प्रा.लि. र पाठक सिल्भर कर्नर इन्टरनेशनल प्रा.लि.का सञ्चालक हुन् ।

यसैबीच नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालको नेतृत्वमा संघमा प्रतिस्पर्धा गर्ने निर्णयमा असन्तुष्टि जनाएका गुरूङ म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक भुवनसिंह गुरूङ प्यानलले आफ्नो पक्षमा विभिन्न संघ संसथाको समर्थन जुट्ने क्रम बढेको बताएको छ ।

अध्यक्षसहित संघ नेतृत्वमा ८ सदस्यीय प्यानल खडा गरेको उक्त प्यानलले समाजवादी वैदेशिक रोजगार व्यवसायीसँग तालमेल गरेर उम्मेदवार खडा गरेको छ । प्यानललाई भुवनसिंह गुरूङ संयुक्त लोकतान्त्रिक प्यानल नाम दिइएको छ ।

आफ्नो प्यानलले वैदेशिक रोजगार व्यवसायी तमुधी समाज, वैदेशिक रोजगार व्यवसायी धुम्बाराही समाज, किसन प्रधान नेतृत्वको घरेलु कामदार सरोकार समाज, धालाश्री समाज, वैदेशिक रोजगार व्यवसायी तामाङ समाज, वैदेशिक रोजगार व्यवसायी सिनामंगल समाज, वैदेशिक रोजगार व्यवसायी महिला संघ, स्याङ्जा व्यावसायिक समाज, नेपाल वैदेशिक रोजगार व्यवसायी मगर संघ, नेपाल वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाज, वैदेशिक रोजगार राई समाजसँग छलफल भएको र सहमति भएका विषयमा मंगलबार सामाखुसीमा आयोजना गरिएको उम्मेदवार परिचय कार्यक्रममा घोषणा गर्ने तयारी रहेको अध्यक्षका उम्मेदवार गुरूङले बताए । धुम्बाराही समाज र महिला संघलगायतले औपचरिक निर्णय नै गरिसकेको र आफू कुनै पनि हालतमा पछि नहट्ने भएपछि थप व्यवसायीको समर्थन प्राप्त हुने उनको भनाइ छ ।

सो प्यानलको द्वितीय उपाध्यक्षमा अल जाफरका मो. जावरद्दिन मियाँ, तृतीय उपाध्यक्षमा डमरू रिसोर्स प्रा.लि.का मोहनकुमार ढुंगेल, सचिवमा एड्भान्स रिक्रुटमेन्ट प्रा.लि.का प्रेम बलामी, कोषाध्यक्षमा जेन्युन प्लेसमेन्ट प्रा.लि.की सञ्चालिका राधादेवी बुढाथोकी र सदस्यहरूमा एमिटी ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक भगिरथ भण्डारी, सूपर्व फर अल्टिमेटम म्यानपावरकी सञ्चालिका चन्द्र कमल श्रेष्ठ र शुभ हारती ओभरसिज प्रा.लि.का सञ्चालक विक्रम श्रेष्ठ रहेका छन् ।

उक्त प्यानलले वरिष्ठ व्यवसायी दानबहादुर बुढाथोकीको संयोकत्वमा ५१ सदस्यीय निर्वाचन परिचालन समिति तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सितादेवी देवकोटाको नेतृत्वमा वार्ता समिति पनि गठन गरेको बताएको छ ।

यस्तै नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनको प्रचार तीव्र बनेको बेला भुवनसिंह गुरुङ प्यानलका द्वितीय उपाध्यक्षमा अल जाफरका मो. जावरद्दिन मियाँ र कुमुद खनाल प्यानलका द्वितीय उपाध्यक्षमा अखतर हुसेनमध्ये एक जनाको उम्मेदवारी कायम गर्न सहमति जुटाउन तराई मधेश वैदेशिक रोजगार व्यवसायी संघको भेला नयाँ बानेश्वरमा भएको छ ।

संघको पदाधिकारीमा तराईबाट प्रतिनिधित्व गर्ने व्यवसायीको प्रतिनिधित्व कम रहेको अवस्थामा दुबै जनाले प्रतिस्पर्धा गर्दा दुबैले हार्ने अवस्था रहेको भन्दै व्यवसायीले सहमतिमा एक जनाले उम्मेदवारी फिर्ता गर्नुपर्ने आवाज उठाएका थिए । तराई मधेशका व्यवसायीको समर्थन आफू र खनाल प्यानललाई हुने द्वितीय उपाध्यक्षका उम्मेदवार हुसेनले बताए । कार्यक्रम संघका अध्यक्ष नवलकिशोर साहको अध्यक्षतामा भएको थियो ।

### स्ववियु ...

निर्देशनालयका निर्देशक पशुपति अधिकारीले बताए । सबै विद्यार्थी संगठनहरु निर्वाचनको तयारीमा जुटिसकेको उनले जनाए ।

नेकपा एकीकृत समाजवादी निकट अनेरास्ववियूका महासचिव आरती लामा स्ववियु निर्वाचन समयमै गर्नुको विकल्प नरहेको बताउँछिन् । 'हामी निर्वाचनको तयारीमा लागिसकेका छौं, अब समयमै चुनाव गरेर विद्यार्थीको हकहितका लागि लाग्नुको विकल्प छैन,' महासचिव लामाले भनिन् । त्रिविले स्ववियु निर्वाचनका सम्बन्धमा त्रिवि पदाधिकारी, विभाग, संस्थान, नौ वटै सङ्कायका डीन र परीक्षा नियन्त्रक तथा सबै विद्यार्थी संगठनका अध्यक्षसँग छलफल गरेर मिति तय गरेको हो ।

त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् भने स्ववियु निर्वाचनमा २८ वर्षे उमेर हदवन्दी र मिश्रित निर्वाचन प्रणाली लागु गरिएको छ । तर, वर्षौंसम्म पनि स्ववियु निर्वाचन नहुँदा विद्यार्थीहरुले असन्तुष्टि जनाएका छन् भने स्ववियुका नेताले विद्यार्थीको हकहितका लागि काम नगरेको आरोप पनि लाग्दै आएको छ । तरपनि, यो पटक समयमै निर्वाचन हुने र विद्यार्थीको हकहितका एजेण्डामा लागिपर्ने विद्यार्थी नेताले बताउँदै आएका छन् ।

**प्राइम लाइफ**
प्रधान कार्यालयः हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १५७०००६९३८ | प्रशन्न के.सी | लाहान-६, सिराहा |
| २ | १०००००३१९५ (S) | राजिव महर्जन | सुनाकोठी-६, ललितपुर |
| ३ | १०१०००२६८३ | निर बहादुर अर्याल | बिदुर-३, नुवाकोट |

**Invitation for Bids**

**Bagmati Rural Municipality**
**Office of Rural Municipal Executive,**
**Bhattedanda, Lalitpur**

**Invitation for Bids No.: BAGL/NCB/WORKS/079/080-07**

**Date of publication: 17-01-2023**

1. Bagmati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Ghattekhola Khaireni Water Supply Project under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 5705011.32 (Exclusive of VAT and Contingencies)
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit a non-refundable fee of NRs. 3000.0 for the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Kumari Bank Ltd.
   **Name of the Office** : Bagmati Rural Municipality, Lalitpur.
   **Office Account no** : 0790034694200007
   **Rajaswa (revenue) Shirshak no.** : GA-1-1 **Bagmati Gaunpalika Antarik Rajaswa Khata**
3. Pre-bid meeting shall be held at the date and time given in the bid document.
4. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedanda, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 16-02-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16-02-2023 13:00 at the office of Bagmati Rural Municipality Bhattedanda Lalitpur Bagmati Province Bagmati Gaupalika Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs.160000.0, which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

जलवायु परिवर्तन

# जुम्लामा हिउँ पर्न छोड्यो, भोकमरीको चिन्ता

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १ माघ

हिमाली जिल्ला जुम्लामा जलवायु परिवर्तनको असर देखिन थालेको छ । पछिल्लो समयमा विस्तारै मौसममा आएको परिवर्तनसँगै जलवायु परिवर्तनको असर देखिन थालेको हो । विगतका वर्षहरुमा मंसिर र पुसको महिनामा जिल्लाका डाँडापाखा र खेतबारी हिउँले सेताम्य हुन्थ्यो । हिउँले ढाकिएका जमिनमा माटो रसिलो हुने र मल खेतबारीमा भिज्ने हुँदा बाली फस्टाउने स्थानीयको भनाइ छ । साथै उत्पादनमा पनि वृद्धि हुने गरेको उनीहरु बताउँछन् ।

पहिले चाँदीझैँ टल्कने डाँडापाखा अहिले उराठ लाग्दा छन् । यो वर्ष माघ लाग्दासम्म पनि हिमपात हुन सकेको छैन । जुम्लाको सिंजा गाउँपालिका वडा नम्बर २ का ६८ वर्षका खडानन्द आचार्य हिमालमा हिउँ पर्न छोडेपछि अच्चमित छन् । पहिले घरका ढोका थुनिने हिउँ पर्ने गरेको भए पनि अहिले विस्तारै हिमपात कम हुँदै जाँदा चिन्ता लाग्ने गरेको उनले बताए ।



### हिउँ नपर्दा भोकमरीको चिन्ता

हिमा गाउँपालिका वडा नम्बर १ का स्थानीय किसान परबहादुर शाहीले हिउँ नपर्दा कम उत्पादन हुने भएकाले भोकमरीको चिन्ता रहेको बताए । लेखमा लगाएको हिउँदे बाली गहुँ, जौँ र आलु आकासे पानी र हिमपातको भरमा सिंचाई गर्नुपर्ने बाध्यता रहेको चिन्ता बढेको उनको भनाइ छ । बाली फस्टाउने समयमा हिमपात नहँदा जमिनमै बाली डढेर सुक्न थालेकाले भोकमरीको सम्भावना बढेको शाहीले बताए । जुम्लाको सन्दर्भमा अहिले पुस माघको महिना स्याउ बगैचा व्यबस्थापन गर्ने समयभएकाले हिमपात नहुँदा समस्या भएको अर्का किसान चन्दननाथ नगरपालिका वडा नम्बर १० तिर्थ आचार्यले बताएका छन् । यतिबेला जुम्लामा स्याउका बगैँचा व्यवस्थापन गर्ने, काँटछाड गर्ने, रोगकिराको व्यवस्थापन गर्ने, मदखाद र सिंचाई गर्ने समय भएकाले अहिले हिउँ नपरेका कारण यो कार्य गर्न समस्या भएको उनले बताए ।

जुम्लामा स्याउ खेती शुरु गरिएको आधा शताब्दी नाघिसकेको छ । स्याउ खेती गर्ने क्षेत्रफल बढेपनि स्याउ उत्पादन घटिरहेको छ । भिरालो जमिनमा सिंचाईको सुविधा छैन । वर्षेनी हिमपात पनि घट्दै छ, विगतमा लगाइएका स्याउ ओखरका बिरुवा सुक्दै गएका छन् । आकाशे पानीको भरमा खेती हुने बाली गहुँ,जौं लगायतका बाली समेत खडेरीले सुक्न थालेका छन् । कृषि विकास कार्यालयका अनुसार जुम्लामा ३३ सय ५० हेक्टरमा स्याउ खेती भइरहेको छ । जुम्लाका १२ हजार घरधुरीमा १४ हजार ५ सय बगैंचा छन् । जलवायु परिवर्तनले असिना र कालो तुसारो पर्ने, अधिक चिसोले विगतमा बढी हिउँ परेर स्याउको लागि अनुपयुक्त ठाउँमा स्याउ फल्ने तथा स्याउ पाउने पहाडी ईलाकामा सुन्तला फल्न शुरु गरेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख गणेश अधिकारीले बताएका छन् । यो वर्ष अहिलेसम्म हिउँ परेको छैनन् । हिउँदमा परेको हिउँले बर्खे बालीलाई समेत राहत हुने प्रमुख अधिकारीले बताएका छन् । स्याउ, ओखर, आरु, नास्पति र नागदे बाली समेत हिउँदको हिउँले राम्रो हुने बताए ।

# सातौं देवदह औद्योगिक मेलाको तयारी तीव्र




**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, २ माघ

सातौं देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सवको तयारी तीव्र पारिएको छ ।

'राष्ट्रिय स्वाधिनताका लागि राष्ट्रिय अर्थतन्त्र, राष्ट्रिय अर्थतन्त्रका लागि राष्ट्रिय औद्योगिकीकरण तथा व्यापार विविधिकरण' भन्ने मूल नाराका यही माघ २६ देखि फाल्गुन १० गतेसम्म संचालन हुने महोत्सवको तयारीमा आयोजक संस्था उद्योग व्यापार संघ देवदहको टिम जुटेको हो ।

महोत्सवको तयारी तिव्रताकासाथ अघि बढाइएको उद्योग व्यापार संघ देवदहका अध्यक्ष मेघराज ढकालले बताए । विभिन्न ३३ वटा उपसमिति महोत्सव भव्य रुपमा सफल पार्न काममा जुटेको उल्लेख गर्दै अध्यक्ष ढकालले स्थानीय उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि देवदहको गौरबको रूपमा महोत्सव आयोजना गरिएको बताए । कोरोना महामारी र त्यसयताको वित्तीय तरलताले संकटमा रहेको व्यवसायलाई चलायमान गराउनको लागि पनि देवदह महोत्सव महत्वपूर्ण हुने उनको भनाई छ ।

देवदह क्षेत्रमा रहेका ऐतिहासिक पाकरी वृक्ष, भवानीपुर, कन्यामाई, देवदह क्षेत्र, खयर डाँडा, माथागढी, रोहिणी नदी, गौतमबुद्ध राष्ट्रिय उद्यान (काष्ठ कला), प्रस्तर कला, देवदह ताल, सातपत्रे सिमसार क्षेत्र तथा अन्य महत्वपूर्ण पर्यटकीय स्थलहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचित गराउँदै देवदह नगरलाई ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थलको रुपमा विकास गर्ने मुख्य उदेश्यसहित देवदहमा मेला संचालन गर्न शुरु गरिएको र सोहि अनुसार सातौं महोत्सवको तयारीमा जुटेको उद्योग व्यापार संघ देवदहका संस्थापक अध्यक्ष गोविन्द भट्टराईले बताए ।

मेलामा २ सय स्टल रहने बताउँदै स्टल दर्ता उपसमिति संयोजक अमृत फुल्लेल क्षेत्रीले अहिले स्टल दर्ताको काम अघि बढिरहेको बताए । '२ सय स्टल रहन्छन्, त्यसको लागि अहिले दर्ता खुला गरिएको छ, दिनहुँ व्यवसायीहरूले दर्ता गरिराख्नु भएको छ' उनले भने । मेलामा स्थानीय कृषि उत्पादनको प्रदर्शनका लागि निःशुल्क स्टल दर्ता गरिने उनले बताएका छन् ।

मेलामा नृत्य तथा गायन प्रतियोगिता, स्थानीय तथा राष्ट्रिय कलाकारहरूको प्रस्तुति तथा भलिवल प्रतियोगिता समेत हुने आयोजकले जनाएको छ ।

५ सय २५ जना उद्योगी व्यापारीहरु आबद्ध भएको उद्योग व्यापार संघ देवदहले स्थापनादेखि नै लागुऔषध नियन्त्रण सम्बन्धी कार्यक्रम, सरसफाई सम्बन्धी कार्यक्रम, प्रथम तीज गित प्रतियोगिता, देवदह सडक खाना महोत्सव (फूड फेस्टिवल) लगायतका कार्यक्रम गर्दै आएको छ । स्वाधिन अर्थतन्त्र निर्माणको लागि औद्योगिकिकरण तथा व्यापार विविधिकरण भन्ने मूल नाराका साथ २०६८ सालमा उद्योग व्यापार संघले देवदहमा पहिलो पटक मेला आयोजना गरेको थियो । त्यसयता हरेक वर्ष उद्योग व्यापार संघ देवदह, देवदह व्यापार संघ र देवदह उद्योग वाणिज्य संघले आलोपालो मेला आयोजना गर्दै आएका छन् ।

# चालकसहित कार अपहरण, प्रहरीले लिएन उजुरी

**एस पी गौरव/मध्यान्ह**
सर्लाही, २ माघ

सर्लाहीको बरहथवाबाट कार अपहरणमा परेको छ । पुस २४ गते आइतबार दिउँसो करिब साढे १ बजेतिर नेपाली नम्बरको कार अपहरणमा परेको हो । भक्तपुरको ठिमी चोकबाट सर्लाहीको बरथवा नगरपालिका ११ दियरका लागि आएको बागमती प्रदेश ००१ च ०८४९ नम्बरको नेपाली कार अपरिचित युवाहरुको समुहले अपहरण गरेको कारमा सवार बाराको क्षेत्र नम्बर १(क)का स्वतन्त्र तर्फका उम्मेदवार समेत रहेका निजगढ नगरपालिका १२ कोलगाउँका रमण घिमिरेले जानकारी दिए ।

उनका अनुसार रामेछापको दोरम्भा गाउँपालिका ६ का सुभाष तिवारी र सर्लाहीको बरहथवा नगरपालिका १२ का रामजी ठाकुर भक्तपुर ठिमीबाट कारमा आएका थिए । बरहथवा नगरपालिका ५ स्थित नेपाल बैंक अगाडि आफूहरु चिया खान ओर्लिएको र कारका चालक तथा कारधनी कृष्ण कुमार गुरुङ कारमै रहेको समयमा बरहथवा नगरपालिका १२ पुरैनीयाका ठाकुरले अरु मानिसहरु पनि लिएर आउँछु भन्दै कार लिएर गएपछि केही समय पछिबाट कारका चालक सम्पर्क विहीन भएका थिए ।

बरहथवा नगरपालिका १२ का ठाकुर, बरहथवा नगरपालिका ११ का खुसीलाल मुखिया र रामदेव रायले संयुक्त रुपमा गोडैता नगरपालिका ११ मा सोना ईंट्टा भट्टा सञ्चालन गरेका र रायले आफ्नो जमिन तिवारीको नाममा पास गरी गत वर्ष मेघा बैंकबाट ऋण लिएका थिए । पछि ऋण तिर्न नसकेपछि बैंकले जग्गा लिलामीमा निकाल्यो, लिलामी भयो भन्दै रामेछापको दोरम्भा गाउँपालिका ६ का तिवारीले ऋण कसरी तिर्ने भनि रायलाई भेट्न आउँदै गर्दा कार अपहरणमा परेको हो ।

तिवारीका अनुसार रायले बैंकलाई रु.२७ लाख ५० हजार दिनुपर्ने बैंकको ऋण तिर्न सल्लाह गर्न आएका थिए । भट्ट पार्टनर ठाकुरले मेरो पनि हिसाब छ । रायसँग म मिलाउँछ भनि भक्तपुर ठिमी चोक नजिकै आफ्नो फर्निचरबाट लिएर आएका थिए । तर, घिमिरेको भनाइ अनुसार ठाकुरको फरक योजना रहेछ । जग्गा धनी तिवारी भन्छन्, 'मलाई ऋणबाट मुक्त गरिदिए हुन्थ्यो । आफूहरु सवार भाडामा ल्याएको कार अपहरणमा परेको छ ।'

अपहरणमा परेको बागमती प्रदेश ००१ च ०८४९ नम्बरको नेपाली कारका धनी तथा चालक गुरुङलाई अपरिचित स्थानमा लगेर लुटपाट गरी कुटपिट गरी गुरुङ भागेपछि कार लिएर फरार भएका ठाकुरसहितको टोलीले फिरौती रकम समेत माग गरेको निजगढ नगरपालिका १२ कोलगाउँका घिमिरेले जानकारी दिए ।

कारका चालक तथा धनी गुरुङको अवस्था अहिले चिन्ताजनक रहेको र अस्पतालमा उपचारत अवस्थामा रहेका छन् ।

'ईलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दिनजाँदा ईलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक मकेन्द्र कुमार मिश्रले कारका चालक तथा धनीलाई ल्याए आफूले कार उपलब्ध गराई दिने भन्दै अपहरणकारीकै पक्षबाट आफूहरुको निवेदन दर्ता गर्न मानेनन्' घिमिरेले भने ।

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/०८ मा दर्ता भएको **प्रा.लि. नं. १५४५७९** को **जनकल्याण पोलिक्लिनिक प्रा.लि.**को मिति २०७९/१०/०१ गतेमा सम्पन्न एकल शेयरधनीको विशेष निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

## Sharada Municipality
## Office of Municipal Executive
Khalanga, Salyan
Karnali Province, Nepal

## Invitation for Bids

**Date of First Notice Publication: 2079/10/03**

1. The Sharada Municipality, Khalanga, Salyan invites Electronic Sealed Bids from National bidders for the construction of following project.

| Contract ID | Description Of Works | Estimated Amount (excluding VAT) | Bid Security amount (NRs.) | Bid Document Fee |
|---|---|---|---|---|
| SMO/NCB/W/04/2079/080 | Construction of Office Building Of Sharada Municipality Ward No. 09 | 45,85,322.87 | 1,25,000/- | 3,000/- |

2. Eligible Suppliers may obtain further information and Inspect the Bidding Document at the office of Sharada Municipality, Khalanga, Salyan, Nepal, 088-520138, **ito.shaaradamun@gmail.com** & may visit **PPMO Website: www.bolpatra.gov.np**
3. Bidders have only option to submit their bid electronically & may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bolpata.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Account.
   **Name of the Bank:** Nepal Bank Ltd.
   **Name of Office:** Sharada Municipality, Khalanga, Salyan
   **Office Account No.:** 07403000001001000001 (Rajashwokhata) (Code GA 1.1.0.1)
4. Pre-Bid Meeting shall be held at Sharada Municipality office, Sharada, Salyan at 2:00 PM on 2079/10/03
5. Sealed Bids must be submitted through e-GP system i.e www.bolpata.gov.np/egp. on or before 2079/11/04 12:00 PM. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of bidders' representatives who choose to attend at 2079/11/04 14:00 PM at the Office of Sharada Municipality, Khalanga, Salyan.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting mentioned in table above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e {Refer Clause ITB 20.1}), if bidder wishes to submit the cash security, the cash should be deposited in Deposit Account No. [07403000003000000001] (Dharauti Khata) (Code GA 3.0.0.1) at [Nepal Bank Ltd. Salyan Branch] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. if the last date of purchasing and /or submission falls on a goverment holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064 (including amendments) and other prevailing rules and regulation of Nepal.

**Chief Administrative Officer**

## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: ABDULLAH BIN ALI BIN MOHAMMED AL RUMAIHI RESTAURANTS TO SERVE MEALS शहर:DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०९/२१ चलानी नं.: ६०१९४४४० LT. No.: 278953 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sweet Baker | 3 | 0 | स. काममा दक्ष | 1500 | ५१,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DESSERT CAFE AND MORE TO SERVE MEALS शहर:DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०९/२१ चलानी नं.: ६०१९४४३९ LT. No.: 278952 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sweet Baker | 4 | 0 | स. काममा दक्ष | 1500 | ५१,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ माघ १० गते (24 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Synnet International Pvt.ltd.
Kupondol-10, Lalitpur, Tel: 01-5545018
Gov. Lic No. 206/057/058

## UAE मा रोजगार

कम्पनी: BASATIN LANDSCAPING L.L.C.
शहर: UAE, Dubai
पूर्व स्वीकृत मिति: २०७८/०७/१७ चलानी नं.: ६०१६६८३८ LT. No.: 249807 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Horticulturist | 23 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४९,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Skilled Forester | 22 | 0 | | 1400 | ४९,४९० | | | | | | | |
| 3. | Tile Layer | 22 | 0 | | 1200 | ४२,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १० गते (24 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Frontline Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Mob: 9841831240, 9801067993, Email:info@manpoweragencynepal.com

## मलेसियामा शुन्य लागतमा रोजगारको अवसर

कम्पनी : UCPACK INDUSTRIES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०४/१७ चलानी नं.: ६०१८४३९० LT. No.: 268497 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 25 | 0 | स. काममा दक्ष | 1500 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ १० गते (24 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gorkhas Associate (P.) Ltd.
P.O. Box: 21051, Maharajgunj, Kathmandu, Nepal
Tel: 4378895, 4377756, 4379078
Gov. Lic. No. 969/067/068

मध्यान्ह
www.madhyanhadaily.com
३ माघ २०७९, मंगलबार
17 January 2023, Tuesday

## सम्पादकीय

# अलमलले निम्त्याउने अप्ठ्यारो

**प्रतिनिधिसभाको असाधरण विश्वास पाएर गद्‌गद् बनेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड फेरि अर्को संकटमा परेका छन् । मन्त्रिपरिषद् बिस्तारमा भएको विलम्ब, प्रमुख सत्ता साझेदार दल नेकपा एमालेको अडान र स्वयम् उनकै अभिव्यक्तिबाट प्रधानमन्त्री प्रचण्ड संकटमा परेको प्रष्ट हुन्छ । यदि प्रधानमन्त्री प्रचण्ड सजिलो अवस्थामा हुन्थे भने अहिलेसम्म मन्त्रिपरिषद् बिस्तार भइसकेको हुन्थ्यो । तर विश्वासको मत लिएपछि पनि मन्त्रिपरिषद् बिस्तारमा प्रधानमन्त्री प्रचण्डलाई सजिलो देखिएन । त्यसको मुख्य कारण भनेको आफूलाई विश्वासको मत दिने दलहरू मध्ये धेरै भन्दा धेरैलाई सरकारमा सहभागी गराउने चाहना हो । सरकारमा सहभागी नभएपनि नेपाली कांग्रेसले राष्ट्रपति वा सभामुख पाउनुपर्ने सर्त अगाडि सारेको छ । कांग्रेसले पदाधिकारी बैठकबाटै यसबारे प्रधानमन्त्री प्रचण्डसँग सम्वाद गर्ने अधिकार सभापति शेरबहादुर देउवालाई दिएको छ ।**

**पदाधिकारी बैठकबाट सम्वादको अख्तियारी लिएका सभापति देउवा पनि प्रधानमन्त्री प्रचण्डबाट सर्वदलीय बैठक बोलाइयोस् भन्नेमा छन् । देउवाको त्यही चाहना अनुसार, प्रधानमन्त्री प्रचण्ड विश्वासको मत दिने दलहरूको बैठक राख्ने तयारीमा छन् । तर त्यो बैठकबाट सहमति जुट्ने सम्भावना अत्यन्तै न्यून छ । किनकि कांग्रेसले लिन चाहेको राष्ट्रपति र सभामुख दुवै पद नेकपा एमालेको भागमा परेको छ । एमालेले आफ्नो भागमा परेको दुवै पद नछोड्ने प्रष्ट अडान लिएको छ । एमालेको सहमति बिना प्रधानमन्त्री प्रचण्डले यी दुवै पदमाथि छलफल चलाउन सक्ने अवस्था छैन । किनकि सत्ता साझेदार दलहरू मध्ये एमाले सवैभन्दा ठूलो दल हो । ३२ सिटको माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री बन्नुमा एमालेकै सिट संख्या प्रमुख आधार हो ।**

**तर प्रधानमन्त्री प्रचण्डले भने आफू नेतृत्वको सरकारलाई राष्ट्रिय सहमतिको रूप दिन कांग्रेससँग यी पदहरूमाथि छलफल गराउन चाहन्छन् । प्रधानमन्त्री प्रचण्डको यही चाहना फेरि पनि समस्या बन्ने देखिएको छ । किनकि झण्डै हाराहारीको शक्ति रहेको कांग्रेस र एमालेलाई सँगै लिएर प्रधानमन्त्री प्रचण्ड अगाडि बढ्न सक्ने अवस्था कम्तिमा अहिले छैन । यदि कांग्रेससँग शक्ति बाँडफाँडतिर लागेमा प्रधानमन्त्री प्रचण्डले एमालेको साथ गुमाउनुपर्ने अवस्था आउन सक्छ । संविधानको व्यवस्था र संसदीय प्रणाली पनि राष्ट्रको प्रमुख पदहरूमा आमसहमति नभएर जनप्रतिनिधिहरूको बहुमतबाट चुनिनु हो । अर्कातिर विधिको शासन र राज्य शक्तिको सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्षको व्यवस्था संविधानमै गरिएको छ । तर संविधानको व्यवस्था र अहिलेको राजनीतिक परिस्थिति बिपरीत प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सहमतिको प्रस्ताव अगाडि बढाएका छन् । यस्तो प्रस्तावले मुलुकलाई निकास दिने नभएर थप समस्यातिर लैजाने प्रष्ट छ । त्यसैले प्रधानमन्त्री प्रचण्ड पनि राजनीतिक समीकरण र संवैधानिक व्यवस्थाप्रति प्रष्ट हुन आवश्यक छ ।**

# कर्पोरेट पुँजीको दुष्चक्रमा किसान

*कृषि नीति प्रष्टरूपमा साना तथा मझौला किसानको हितमा हुनु पर्दछ । त्यसो हुन सके मात्र किसानहरूको लागत खर्च र कर्जाको बोझ कम हुँदै जान्छ र आधारभूतरूपमा उनीहरूको आजीविकाको आधार सबल र दीगो बन्न पुग्छ ।*

अग्रलेख



● लोकनारायण सुबेदी

अहिले विश्वस्तरमै के गम्भीरतम् आवश्यकता महसुस गरिन थालेको छ भने कृषि नीति प्रष्टरूपमा साना तथा मझौला किसानको हितमा हुनु पर्दछ । यसको सोझो अर्थ किसानहरुको लागत खर्च र कर्जाको बोझ कम हुँदै जानु पर्दछ र आधारभूतरूपमा उनीहरुको आजीविकाको आधार सबल र दीगो बन्न सक्नुपर्दछ । तर, त्यत्तिले मात्र निश्चय नै पनि पुग्दैन । अब किसानले पनि आफ्नो प्रष्ट दृष्टिकोण र समझदारी बनाउन सक्नुपर्दछ । त्यसो गर्न सक्ने शक्ति उनीहरुमा विकसित हुनै र गरिनै पर्दछ। जसले गर्दा पूर्णरूपमा इमानदार व्यक्तिहरु उनीहरुको सहायता गर्न आउन्, उनीहरुसँग जोडिउन् अनि कृषि, किसान, कृषिसँग सम्बन्धित र महत्वपूर्ण पक्ष पर्यावरण सबैको रक्षा र सम्बर्द्धन एकसाथ हुन सकोस् । यसका अतिरिक्त भूमिहीनहरुको सरोरकारलाई पनि अवश्य नै यसमा जोड्नै पर्दछ, जसले गर्दा केही भूमि निश्चय नै उनीहरुलाई पनि प्राप्त होओस् । अनि यसका साथसाथै वनको रक्षा, वृक्षारोपण, जल तथा माटोको संरक्षण जस्ता कार्यहरुमा समेत उनीहरुलाई निरन्तर रूपमा भन्दा अझ बढी सन्तोषजनक किसिमले दीगो र भरपर्दो रोजगारी प्राप्त होओस् ।

वस्तुतः आज पनि माटो तथा जल संरक्षण सुनिश्चित हुन्छ भने किसानका सबै मित्र जीवहरु, सुक्ष्म जीवहरु, कीटपतंगहरुको स्थानीय स्वदेशी नश्लका पशुहरु तथा पराग सेचन गर्नका लागि पंक्षीहरु, कीराहरु, महुरीहरु तथा परम्परागत बीउ बिजनको रक्षा हुन्छ । खेतीपातीको दीगो र कम खर्चिलो विकासको बाटो खुल्दछ। अनि त्यो मार्ग अझ फराकिलो हुन्छ । अनि यसका साथै 'हरित गृह ग्यास' उत्सर्जन पनि कम भएर जान्छ। यो निश्चित गर्न कठिन छैन कि हामीले कस्तो कृषिको बाटो अबलम्बन गर्ने हो । निश्चितरूपमा यो यस्तो बाटो हुनु पर्दछ जसबाट बाहिरी खर्च जस्तो रासायनिक मल, कीटनाशक औषधीहरु आदि न्यूनतम मात्र आयात हुन् या हुँदै नहुन् । स्थानीय स्रोत साधनहरुको वैज्ञानिक किसिमले अधिकतम उपयोग सर्वोत्तम किसिमले होओस् । जसबाट किसान समुदायमा आत्मनिर्भरता बढोस्, त्यसबाट परम्परागत कृषि ज्ञान र जैविक विविधताको पनि सम्मान हुन थाल्दछ अनि त्यही आफ्नो बलमा नै बाहिरी संकटसँग जुध्ने किसानको क्षमता बढ्न जान्छ। त्यो पर्यावरणको संरक्षण र सम्बर्द्धनमा आधारित पनि होओस्, जसले माटो, पानी र पर्यावरणको रक्षालाई सन्तुलित तुल्याओस् र अघि बढाओस् ।

यो कुरा वैज्ञानिकरूपमा सिद्ध भइसकेको छ कि माटोको अर्गानिक तथा जैविक तत्व स्थानीय स्तरमा पात पतिङ्गर, बोट विरुवाका अवशेष, गोबर आदि कुहिने सड्ने या गडेउला जस्ता जीवहरुको खाद्य निर्माण र उत्सर्जन प्रकृयाबाट बन्ने गर्दछ। अनि त्यसमा कार्बन डाईअक्साईड जस्ता प्रमुख 'हरित गृह ग्यास' सोस्ने या अवशेषण हुने गर्दछ । यसरी यसले जलवायु परिवर्तनको संटकलाई कम गर्न पनि ठूलो क्षमता राख्दछ । यसका अतिरिक्त स्थानीय मिश्रित प्रजातीहरुका जति पनि बोट बिरुवाहरु हुर्कने, बँच्ने गर्दछन्, चरिचरन जति फैलिन्छन्, धरती जत्तिको हराभरा बनेर हुन्छ, जत्तिको वनको रक्षा हुन्छ त्यत्ति नै बढी 'हरित गृह ग्यास'बाट हुने नकारात्मक प्रकोपको असर स्वभावतः पनि कम भएर जान्छ। अनि माटो तथा जल संरक्षण र जैविक विविधताको संरक्षण पनि बढ्न जान्छ।




*ठूला पुँजीपति किसानको आत्मनिर्भरता र दीगो विकास चाहँदैनन्, तिनले नै यस्ता नीतिहरू बन्न नदिने र बने पनि अबलम्बन नगरेर कार्यान्वयनमा बाधा पुऱ्याउने या अडङ्गा तेर्स्याउने गर्दछन् । यदि गाउँका किसानहरू आत्मनिर्भर बने भने नाफा कम हुन्छ या घट्छ भन्ने गलत सोंच पुँजीपतिमा देखिन्छ ।*

अन्ततः यस्ता नीतिहरु जो हरेक दृष्टिले कृषि, पर्यावरण र कृषि र किसान मैत्री तथा लाभदायक छन् या हुन्छन् भने तिनलाई किन नअपनाउने ? यस प्रश्नको प्रष्ट उत्तर हुन्छ कि जुन ठूला पुँजीपतिले किसानको आत्मनिर्भरता र दीगो विकास चाहँदैनन् । तिनले नै यस्ता नीतिहरु बन्न नदिने र बने पनि अबलम्बन नगरेर कार्यान्वयनमा बाधा पुऱ्याउने या अडङ्गा तेर्स्याउने गर्दछन् । उनीहरुको मान्यता के हुन्छ भने यदि गाउँका किसानहरु मलमा आत्मनिर्भर बने भने पुँजीपतिको नाफा कम हुन्छ या घट्छ । त्यसैले उनीहरु चाहन्छन्, किसान सधैँ परनिर्भर बनिरहुन् । बिउ, रासायनिक मलखाद तथा कीट र रोगनाशक, झारपातनाशक आदि औषधीहरु उनीहरुले निरन्तर किनिरहनु परोस् । उनीहरुले धेरै डिजेल किनुन्, मदिरा पिइरहुन्, सँधै गुट्का खाने गरुन् । अनि यसरी न पुँजीपतिहरुलाई किसान र ग्रामीणहरुबाट पैसा कमाउने ठाउँ बनिरहन्छ। हुन पनि देश विदेशका ठूला पुँजीपतिहरु यही चाहन्छन् कि किसान र ग्रामीण समुदायमा आत्मनिर्भरता बढ्नुको साटो त्यो निरन्तर कम हुँदै जाओस्, किसानको लागत र खर्च कम हुनको साटो सधैं बढी हुँदै जाओस् । फलस्वरूप पुँजीपति वर्गलाई बढी नाफा खान मिलोस् ।

यही कारण हो कि ठूला पुँजीपति र ठूला कम्पनीहरुले आत्मनिर्भर खेतीपाती गर्ने किसानहरुलाई हरित क्रान्तिको भ्रान्ति पैदा गर्दै भारतमा एउटा यस्तो बाटोमा धकेल्न खोजेका थिए जसबाट उनीहरुले सँधैभरी महँगो बिउ बिजन, रासायनिक मल तथा कीटनाशक औषधीहरु आदिका लागि निरन्तर बजारमा निर्भर हुँदै जाने थिए र उनीहरुको एउटा मूख्य शक्ति पशुधनलाई कम गर्दै जाने थिए। त्यसपछि दोश्रो उनीहरुको मूख्य कदम थियो बिउ बिजनहरुको प्याटेण्ट गर्ने तथा जीन-संशोधित (जी-एम) फसलहरुको प्रचार बढाउने। किनभने बहुराष्ट्रिय कम्पनीहरुलाई किसानको खेतीपातीमाथि नियन्त्रण कायम गर्नु र बढाउनु थियो । यसै बाटोमा हिंड्दै उनीहरुले ठेक्का खेती, खर्चिलो खेती, निजीकरण, कम्पनीद्वारा आवश्यक खाद्यान्नको जम्माखोरीको प्रवृत्तिका लागि समेत अनेक किसिमले जोड लगाउँदै आएका थिए। अनि यसका लागि कानुन बनाउने प्रयास पनि गरिरहेका थिए । उनीहरु विश्वका विभिन्न क्षेत्रमा त्यसो गर्न सफल पनि भएका थिए र छन् । किनभने तिनीहरुसँग सरकारी अधिकारीहरु, राजनीतिकर्मीहरु, विशेषज्ञहरु, अन्तर्राष्ट्रिय एजेन्सीहरु, सञ्चारकर्मीहरु, एनजिओ आदिको ठूलो फौज छ र ती एक अर्काका परिपोषक बनेर खडा भएका छन्। कतिसम्म भने उनीहरु समय समयमा यस सम्बन्धित आ-आफ्ना मानिसहरुलाई तालिमसमेत दिएर किसान नेताकै रूपमा तिनलाई प्रतिष्ठित र स्थापितसमेत गर्ने गर्दछन् र त्यस्तालाई सरकारी मान्यता पनि दिलाउने गर्दछन् ।

यस प्रकारको राष्ट्रिय अन्तर्राष्ट्रिय स्थितिबाट उचित र सही शिक्षा लिएर किसानहरुले वस्तुगत यथार्थको सुस्पष्ट समझदारी र दृष्टिकोण बनाउने शक्ति आफुमा निर्माण गरुन् र पूर्णरूपले इमानदार व्यक्ति र विशेषज्ञहरू समेत उनीहरुको सहायता गर्न किसानसँग जोडिउन्, जसले गर्दा कृषि, किसानहरु, कृषिसँग जोडिएको पर्यावरण आदि सबैको रक्षा एकसाथ हुन सकोस् । यसका अतिरिक्त भूमिहीन किसानहरुको सरोकारलाई पनि यसमा अनिवार्यरूपमा जोड्नु पर्दछ । कम्तिमा पनि उनीहरुलाई भूमि अवश्य मिल्नुपर्दछ । यसका साथै वनको रक्षा, वृक्षारोपण, माटोको संरक्षण, जल संरक्षण जस्ता महत्वपूर्ण कार्यहरुमा उनीहरुलाई दीगो किसिमले रोजगारी पनि निरन्तर प्राप्त भइरहन सकोस् । यसरी मात्र कर्पोरेट पुँजीको महाजालबाट किसानलाई मुक्त गर्न र जोगाउन सकिन्छ। अनि यसरी नयाँ किसिमले कृषि र किसान रक्षा गर्दै देशलाई निरन्तर सही दिशामा अघि बढाउन सकिने छ ।

***(लेखक सुवेदी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष हुन् ।)***

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

**जबसम्म मापदण्ड विपरितका पुरानो विमानमाथि प्रतिबन्ध लगाइन्न, जबसम्म हवाई मार्गको बृहत अध्ययन हुँदैन, जबसम्म विमानको नियमित चेकजाँच गरिन्न तबसम्म हवाई दुर्घटना रोक्न सकिन्न। तत्काल छानबिन समिति दीर्घकालिन समाधानको उपाय नखोजी हुँदैन। सरकार फेरि पुरानै उदाहरणमा नफर्कियोस् ।**



**- शरदराज पाठक**

**एउटै सेवा प्रदायकको विमान पटक-पटक दुर्घटनामा पर्दा किन गम्भीर छानबिन र कारबाही हुन्न ? सबैलाई थाहा छ- अमूक दलका नेता विशेषको राजनीतिक संरक्षण छ। सरकारलाई खबरदारी र दबाबसँगै उक्त विमान सेवा बहिष्कारको नागरिक अभियान पनि चलाउन आवश्यक देखिएको छ ।**



**- नवराज पन्त**

**दुई महिना अगाडि अमेरिकी डलरको विदेशी मुद्रा बिनिमय दर एक डलर = रू. १३३ थियो, अहिले एक डलर = रू. १२९ मा झरेको छ। यसले आयात ३ प्रतिशत सस्तो भएको छ । तर, बजार मूल्य खोइ घटेको ? इन्धन मूल्य खोइ घटेको ? यो डिजिटल युग हो, त्यसैले गुमराहमा राज्य चल्दैन। हामी सुर्यलाई हत्केलाले छोप्न खोजिरहेका त छैनौ ?**



**- अर्जुन ज्ञवाली**

**कटवाल प्रकरणमा प्रचण्डलाई उक्साउनेहरू नै अहिले ओली र प्रचण्डमा विभाजन ल्याउन प्रयत्नरत छन्। यो मिशनमा अहिले एमाले र माओवादीभन्दा बाहिरका नै शक्ति अग्रपंक्तिमा देखिन्छन्। जनार्दन शर्माको नेतृत्वमा ४० प्रतिशत सांसद पुऱ्याएर माओवादी विभाजन गर्ने योजना संख्या नपुगेर स्थगित भएको छ।**



**- प्रेम घर्ती मगर**

**नेपालमा हरेक पटक हुने जहाज दुर्घटनापिच्छे जाँच गर्न 'दुर्घटना जाँचबुझ आयोग' गठन हुन्छ। आयोगले दुर्घटना हुनुका कारणसहित सुझाव संगालेर प्रतिवेदन दिन्छ । तर, यस्ता प्रतिवेदन न सरकारले पढ्छ, न कार्यान्वयनका लागि तत्परता देखाउँछ । यस्ता छानबिन प्रतिवेदन सिर्फ 'कर्मकाण्डी' मात्र हुन् ।**

# राष्ट्रिय विपत्तिका बेला बिदा !

टिप्पणी



● सन्दिप पनेरू

*सामान्य नियममा पनि विपत्तिको समय पूर्वनिर्धारित बिदामा रहेको भए काममा फर्किने हुन्छ । सबै कर्मचारीलाई 'ओभरटाइम'को व्यवस्था गरेर सूचना आदान-प्रदान र समन्वयका लागि अतिरिक्त समयमा समेत कार्यालयहरू खुल्न सक्ने गरी 'स्ट्याण्डबाइ' राखिन्छ । अस्पतालहरूले छुट्टीमा भएका डाक्टर तथा नर्सहरूलाई समेत बोलाएर तयारी अवस्थामा राख्छन् । तर, सरकारले भने उल्टो बिदाको घोषणा गरेर जिम्मेवारीबाट पन्छिने काम गऱ्यो । जुन घटनाले सरकार निकै असंवेदनशील बनेको देखायो ।*

पोखरामा आइतबार निकै अत्यासलाग्दो गरी विमान दुर्घटना भयो । यति एयरको ९ एनए-एनसी विमान दुर्घटना हुँदा चालक दलका सदस्यसहित सबै यात्रुको ज्यान गयो । यति धेरै मानवीय क्षति हुने गरी भएको यो आन्तरिक उडानतर्फकै सबैभन्दा ठूलो दुर्घटना पनि हो । एकातर्फ विमान दुर्घटनाको विषय आन्तरिक मात्रै रहँदैन भने अर्कोतर्फ मानवीय क्षतिको हिसाबले पनि यो घटना सामान्य थिएन । आइतबार विश्वभरका सञ्चार माध्यममा पनि यो घटनाले निकै चर्चा पाएको थियो । बिडम्बना भन्नुपर्छ, नयाँ अन्तराष्ट्रिय विमानस्थल उद्घाटन भएको एक महिना नपुग्दै ठूलो जनधनको क्षति हुने गरी विमान दुर्घटनामा पऱ्यो । जुन मुलुकका निम्ति निकै ठूलो दुःखको विषय पनि हो ।

तर, यति ठूलो दुःखको घटना हुँदै गर्दा सरकार पक्ष भने सार्वजनिक बिदा (होलिडे) घोषणा गरेर सान्त्वनाको उपायमा गयो । सरकारले जनतालाई आश्वस्त पार्ने कुनै विषय सम्बोधन नगरीकन सजिलो उपायअन्तर्गत बिदाको घोषणा गऱ्यो । सामान्य नियम पनि यस्तो विपत्तिको समय पूर्वनिर्धारित बिदामा रहेको भए काममा फर्किने हुन्छ । कार्यालय समय १०-५ भए पनि सबै कर्मचारीलाई 'ओभरटाइम'को व्यवस्था गरेर सूचना आदान-प्रदान र समन्वयका लागि अतिरिक्त समयमा समेत कार्यालयहरू खुल्न सक्ने गरी 'स्ट्याण्डबाइ' राखिन्छ । अस्पतालहरूले छुट्टीमा भएका डाक्टर तथा नर्सहरुलाई समेत बोलाएर तयारी अवस्थामा राख्छन् । स्थानीय सरकारहरुले पनि यस्तो संवेदनशील अवस्थामा सबै संयन्त्रलाई सक्रिय बनाएका हुन्छन् ।

विपत्तिको घड़ीमा सबैभन्दा ठूलो क्षति, शोक र असुविधा दुर्घटनामा पर्नेहरूको परिवारमाथि हुने हुनाले राज्यदेखि नागरिकको ध्यान र सोच तिनैमाथि केन्द्रित हुन्छ । क्षति आफैमा अपूरणीय हुन्छ, तर पनि तिनलाई थप असुविधा नपुगोस् भनेर अरूले पनि थप काम गर्नुपर्ने हुन्छ । यस्तोमा उड्डयन प्राधिकरणदेखि अध्यागमनसम्म, परराष्ट्र मन्त्रालयदेखि जिल्ला प्रशासनसम्म, प्रयोगशालादेखि बैंकसम्म सबैको काम अन्य दिनभन्दा बढ़ी हुनसक्छ । तर, सरकारले भने उल्टो बिदाको घोषणा गरेर जिम्मेवारीबाट पन्छिने काम गऱ्यो । जसको लागि एक दिन अगाडि हुनुपर्ने काम अर्को दिनका लागि साँचिएको छ । यसले न पीडितलाई न्याय दिएको छ न त अन्यलाई सहयोग गरेको छ । सरकारको यो बिदा घोषणाले सबैलाई समस्यामा मात्रै पारेको देखिन्छ । सोमबार अरु त अरु सरकारी अस्पतालका ओपिडि सेवा पनि बन्द हुँदा थुप्रै बिरामीहरु मर्कामा परे । यो एक प्रकारको असंवेदनशीलता नै हो ।

सरकारले बिदा घोषणा गर्दै गर्दा गलत नियत वा मनसाय राखेको पक्कै होइन तर, यो घटनाले सरकार किंकर्तव्यविमूढ़ देखियो । यो कदापी जिम्मेवार शैली होइन । यसले घटनाका पीडितलाई मात्रै होइन अन्यलाई पनि पीडा थपेको छ । सबैको चाहना छ, आगामी दिन यस्ता घटना पुनः नदोहोरिऊ । राज्य असंवेदनशील नदेखियोस् । विपत्तिमा बिदा होइन, थप सक्रियता खाँचो हुन्छ । राज्यले निर्णय लिँदै गर्दा अन्य तहले पनि यसको विकल्प दिने अवस्था आओस् ।

## तपाईको राशिफल

- **मेष** : सम्बन्धहरुमा सुधार आउनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ ।
- **वृष** : श्रीमतीको राम्रो सहयोग पाइनेछ । पैतृक सम्पत्तिमा वृद्धि हुने योग छ ।
- **मिथुन** : बाहिरी सहयोगमा कमी रहन्छ। स्वास्थ्य राम्रो रहने देखिन्छ।
- **कर्कट** : व्यवसायिक यात्रा सफल हुने योग छ । तर, विवादमा परिन सक्छ ।
- **सिंह** : दैनिक कार्यमा प्रगति हुन्छ । खर्चमाथि नियन्त्रण राख्न जरुरी छ ।
- **कन्या** : पराक्रम वृद्धिको योग छ । सन्तान सुख पाइनेछ ।
- **तुला** : सामाजिक कार्यमा वृद्धि हुन्छ । साथीहरुको राम्रो सहयोग मिल्नेछ ।
- **वृश्चिक** : इष्टमित्रहरुसँग भेटघाट हुनेछ। वाणी संयम् जरुरी छ।
- **धनु** : कार्यहरुमा सावधानी राख्नुहोस् । पदोन्नति हुने योग छ ।
- **मकर** : राजनैतिक सहयोग प्राप्त हुन्छ । उत्साहमा वृद्धि हुनेछ ।
- **कुम्भ** : अनावश्यक खर्च हुन्छ, मुद्दा मामिलामा सफलता मिल्नेछ।
- **मीन** : नयाँ सम्पर्क बन्नेछ । शुभ समाचार प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# मध्यपूर्व देशहरुको सार्वभौमसत्ताको सम्मान गर्न चीनको आह्वान

**काठमाडौं/एजेन्सी–** भ्रमणरत चिनियाँ विदेशमन्त्री छिन गाङले मध्यपूर्वका देशहरुको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गरिनुपर्ने बताएका छन् । इजिप्टका समकक्षी समेह शौकरीसँगको पत्रकार सम्मेलनमा मन्त्री छिनले चीनको मध्यपूर्व नीतिको बारेमा उल्लेख गर्दै यस क्षेत्रको मुख्य समस्याको समाधानका निम्ति चीनका तर्फबाट यस क्षेत्रका देशहरुलाई वार्ता र परामर्शमार्फत क्षेत्रीय यथार्थसँग मेल खाने र सबैको हितलाई मिल्ने गरी समाधान खोज्न समेत आह्वान गरेका छन् ।



उनले हालैका वर्षहरुमा बहुध्रुवीय विश्वमा एक महत्वपूर्ण शक्तिको रुपमा मध्यपूर्वका देशहरु र जनताले एकताको सुदृढ गर्दै, विकास र पुनरुत्थानलाई बढावा दिएको बताएका छन् । सभ्यताहरुबीचको आदानप्रदानलाई थप सक्रिय बनाउनुपर्ने बताउँदै उनले निष्पक्षता र न्याय कायम गर्न आफू प्रतिबद्ध रहेको उल्लेख गरेका छन् ।

अर्कोतर्फ उनले क्षेत्रीयस्तरमा देखा परेका जल्दाबल्दा मुद्दाहरु र बदलिदो परिस्थितिसँगै मध्यपूर्वको अवस्था अस्थिर र अनिश्चित रहेको पनि बताएका छन् । केही देशहरु अशान्तिमा छन्, बाह्य हस्तक्षेप अझै पनि सुरक्षा र स्थायित्वलाई कमजोर बनाउने र लामो समयसम्म असर गर्ने महत्वपूर्ण कारक रहेको मन्त्री गाङको धारणा छ ।

चिनियाँ विदेशमन्त्रीले यस क्षेत्रका देशहरुलाई खाद्य तथा ऊर्जा सुरक्षा चुनौतीहरु सामना गर्न र क्षेत्रीय विकासको लागि बलियो जग बसाल्न मद्दत गर्न थप विकास सहयोगको आह्वान गरेका छन् । उनले आतंकवादसँग लड्न र आतंकवाद र अतिवादको विस्तार रोक्न साझा प्रयास गर्नुपर्ने उल्लेख गरेका छन् ।

चीनले यस क्षेत्र बाहिरका देशहरुलाई मध्यपूर्वका देशहरुको सार्वभौमसत्ताको सम्मान गर्न र उनीहरुको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न समेत आह्वान गरेको छ । साँचो अर्थमा बहुपक्षीयताको अभ्यास गर्न र एकपक्षीयरुपमा प्रभुत्व देखाउँदै द्वन्द्व सृजना गर्नबाट टाढा रहन, मध्यपूर्वको इतिहास र सांस्कृतिक परम्परालाई सम्मान गर्न तथा सभ्यताहरुबीच विभिन्न किसिमका खाडल सृजना गर्न खोज्ने शक्तिहरुबाट सजग रहन पनि उनले आग्रह गरेका छन् ।

चीनले मध्यपूर्वका जनतालाई स्वतन्त्र रुपमा आफ्नो विकासको बाटो खोज्न र सहयोग र समन्वयका माध्यमबाट क्षेत्रीय सुरक्षा समस्याको समाधान गर्न पनि मध्यपूर्वका देशहरुलाई समर्थन गर्ने कुरा व्यक्त गरेका छन् ।

मध्यपूर्वका देशहरुसँगको बेल्ट एन्ड रोड सहकार्यमा प्रतिबद्ध रहेको चीनले विश्वव्यापी विकास पहल कार्यान्वयन गर्न, विकास र पुनरुत्थानलाई संयुक्त रुपमा अगाडि बढाउने, विश्वव्यापी सुरक्षा पहलमा सहकार्य गर्नका निम्ति व्यापक एवं सहयोगात्मक र दिगो सुरक्षा संरचनाको स्थापना गर्न कडा मेहनत गर्ने पनि चिनियाँ मन्त्रीको प्रतिबद्धता छ । साथै उनले मध्यपूर्वमा जल्दाबल्दा मुद्दाहरुको राजनीतिक समाधानमा आफ्नो तर्फबाट सक्दो योगदान गर्ने बताएका छन् ।

चीनले विश्व सभ्यताको विविधतालाई संयुक्त रुपमा संरक्षण गर्न मध्यपूर्वका देशहरुसँग सांस्कृतिक आदानप्रदानमा सक्रिय रुपमा संलग्न हुने पनि उनले प्रतिबद्धता जनाएका छन् ।

# रुसको क्षेप्यास्त्र आक्रमणमा युक्रेनमा ३० जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** युक्रेनको दक्षिणपूर्वी सहर डिनिप्रोको एउटा आवासीय भवनमा रुसले गरेको क्षेप्यास्त्र आक्रमणबाट मृत्यु हुनेको संख्या ३० पुगेको छ । क्षेप्यास्त्र प्रहारबाट नौ तले भवन आंशिक रुपमा ध्वस्त भएपछि दुई दर्जनभन्दा बढी व्यक्ति अझै बेपत्ता छन् ।



अहिलेसम्म ३० जनाको मृत्यु भएको पुष्टि भएको छ । क्षेप्यास्त्र आक्रमणबाट भत्केको बहुतले भवनको माथिल्लो भागबाट बचेकाहरुको उद्धार तथा भग्नावशेषमा जीवितहरुको खोजीका निम्ति उद्धारकर्मीहरु कठ्याङ्ग्रिँदो चिसोको परबाह नगरी निरन्तर खटिरहेका थिए ।

शनिबार भएको घातक आक्रमणलाई विफल पार्न युक्रेनले धेरै प्रयास गरेको थियो । रुसले प्रहार गरेका ३३ वटा क्रुज मिसाइलमध्ये २१ वटालाई युक्रेनले खसालेको थियो । दुई साता लामो अघोषित युद्धविराम समाप्त भएसँगै रुसले राजधानी, किएभ र खार्किभको उत्तरपूर्वी सहरलाई पनि निशाना बनाएर आक्रमण गरिरहेको छ ।

बेलारुसले सोमबार रुससँगको संयुक्त वायुसेना अभ्यास आफ्नो क्षेत्रमा शुरु भएको जानकारी दिएको छ । मिन्स्कको रक्षा मन्त्रालयले बेलारुस र रुसबाट उड्डयन एकाइहरुको संयुक्त रणनीतिक उडान अभ्यास शुरु भएको बताएको छ । अभ्यास फेब्रुअरी १ सम्म चल्ने पनि मन्त्रालयले जानकारी दिएको छ । अभ्यासको मुख्य लक्ष्य लडाई प्रशिक्षण मिसनहरुको संयुक्त प्रदर्शनमा परिचालन अनुकूलता बढाएको मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ । बेलारुसका सबै सैन्य एयरफिल्डहरु अभ्यासमा संलग्न हुनेछन्, मिन्स्कले जानकारी दिएको छ ।

उक्त अभ्यासमा हवाई अनुगमन, राज्यको सीमामा संयुक्त गस्ती, रणनीतिक हवाई आक्रमण अवतरण, सामान ढुवानी र घाइतेको उद्धार गर्ने तालिम हुने मन्त्रालयले जनाएको छ ।

# जापान-भारत संयुक्त लडाकू विमान अभ्यास

**काठमाडौं/एजेन्सी–** जापान र भारतले रक्षा र सुरक्षा सम्बन्धलाई स्तरोन्नति गर्ने क्रममा टोकियोनजिक सोमबार आफ्नो पहिलो संयुक्त लडाकू जेट विमानको संयुक्त अभ्यास शुरु गरेका छन् । एघार दिने संयुक्त अभ्यासमा आठ जापानी लडाकु विमान समावेश हुनेछन् भने यसमा भारतले चार लडाकु विमान, दुईवटा यातायात विमान र एउटा हवाई इन्धन भर्ने ट्याङ्कर पठाउने जापानको रक्षा मन्त्रालयले जनाएको छ ।



टोकियोको उत्तरपूर्वी इबाराकी प्रान्तको हयाकुरी एयर बेसमा करिब १५० भारतीय वायुसेनाका जवानले अभ्यासमा भाग लिइरहेका छन् । सन् २०१९ मा जापानी र भारतीय रक्षा र विदेश मन्त्रीहरुबीचको वार्ताको क्रममा दुई देशले यो अभ्यासमा सहमति जनाएका थिए । तर यसअघि महामारीका कारण ढिला भएको बताइएको छ ।

टोकियोले हालैका महिनाहरुमा संयुक्त सैन्य अभ्यास राखेको छ । साथै आफ्नो रक्षा र सुरक्षा रणनीतिलाई परिमार्जन गरेको छ र स्पष्ट रुपमा चीनको बारेमा आफ्ना चिन्ता पनि समय समयमा व्यक्त गर्ने गरेको छ । भारत र जापानले चीनको बढ्दो सैन्य शक्तिलाई ध्यानमा राखेर यो संयुक्त अभ्यास गरिएको जनाएका छन् ।

# पेरुको प्रदर्शनमा ज्यान गुमाउनेको संख्या ४२ पुग्यो

**काठमाडौं/एजेन्सी–** पेरुमा नयाँ निर्वाचन र राष्ट्रपति बोलुआर्टेको राजीनामाको माग गर्दै पाँच सातादेखि जारी झडपमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ । राजधानी लिमा र अन्य तीन क्षेत्रमा आइतबार आपतकालीन अवस्था घोषणा गरिएको छ भने राष्ट्रपति डिना बोलुआर्टेको विरोधमा हप्तौंदेखि जारी प्रदर्शन कम हुने कुनै संकेत देखिएको छैन ।

नयाँ निर्वाचन र राष्ट्रपति बोलुआर्टेको राजीनामाको माग गर्दै भएका प्रदर्शनका क्रममा भएका झडपमा कम्तीमा ४२ जनाको मृत्यु भएको पुष्टि पेरुका मानव अधिकार आयुक्तले गरेका छन् । गत डिसेम्बर ७ मा पेड्रो क्यास्टिलोलाई महाभियोगबाट पदच्युत गरी पक्राउ गरेपछि बोलुआर्टेले दक्षिण अमेरिकी यो देशको पहिलो महिला राष्ट्रपतिको रुपमा पदभार ग्रहण गरेका थिए ।

वामपन्थी पूर्व ग्रामीण विद्यालयका शिक्षक तथा युनियनका नेता क्यास्टिलोले आफ्नो १८ महिनाको कार्यकालमा संसदमा चर्को विरोधको सामना गर्नुपरेको थियो भने उनीविरुद्ध भ्रष्टाचारको आरोपबारे थुप्रै आपराधिक अनुसन्धानहरु शुरु भएका छन् । सरकारले लिमा, कुस्को, कालाओ र पुनो क्षेत्रमा शनिबार मध्यरातदेखि ३० दिनका लागि संकटकालीन अवस्था थप गरेको छ ।

संकटकालको घोषणाले आवागमन र भेला हुने स्वतन्त्रता जस्ता संवैधानिक अधिकारलाई पनि निलम्बन गरेको राजपत्रमा प्रकाशित आदेशमा उल्लेख छ । पेरुका २५ क्षेत्रमध्ये ११ क्षेत्रमा आइतबार १०० भन्दा बढी सडक अवरुद्ध भएका छन् । बोलिभियासँग सीमा जोडिएको जुलियाका शहरमा आइतबार लिमाको केन्द्रीय गिर्जाघरमा प्रदर्शनकारी र एक प्रहरीलाई जिउँदै जलाइएका प्रदर्शनकारीका लागि आयोजित सामूहिक प्रार्थना सभामा दर्जनौं मानिस सहभागी भएका थिए ।


## इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
प्रदेश नं.१, नेपाल

### इटहरी उप–महानगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।



## साउदीमा रोजगार | कम्पनी: SADIQ TAQI AL KHAMIS GARMENTS FACTORY
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७९/०५/०६ चलानी नं.: ६०१८५८९६ L.T. No.: 269995 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Tailor | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १० गते (24 January 2023

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.** श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५५०



## SAUDI ARABIA मा रोजगारको अवसर
पून: बिज्ञापन

Saudi Arabia को निम्न शहरस्थित निम्न कम्पनीबाट नेपाली कामदारहरुको माग भई आएकोले इच्छुक व्यक्तिहरुले आफ्नो सक्कल राहदानीसहित सम्पर्क राख्नुहोला ।
1. Company: Fahad s al Tamimi Partners Trad, Saudi Arabia, na
पूर्व स्वीकृती मिति: २०७९/८/८ LT. No.: 276487 चलानी नं.: ६०१२१२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,८०५ | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 50 | 0 | | 2500 | ८७,२३० | | ८ घण्टा | ६ दिन | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

नोट: 1. Heavy Driver को लागि GCC License Holder हरुलाई विशेष ग्राह्यता दिईनेछ ।
2. साधारण ENGLISH पढ्न, लेख्न र बोल्न सक्ने हुनुपर्नेछ ।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट मेनपावरको कार्यालयमा २०७९ माघ ९ र १० गते (23 & 24 Jan., 2023) का दिन हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला । कुल लागत खर्च: नि:शुल्क

**Need Employment Services (P.) Ltd.**
Ultimate Solution
Lic No.: 284/058/59
P.O.Box: 20478, Dhapasi-8, Kathmandu Nepal
Helpline No.: +977-1-4984248, 4984251
Email: needemploymentservices@gmail.com
Contact Person no. - Prakash 9851076834, Rabindra - 9863595765



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: WISE FACILITY MANAGEMENT SRL शहर: ROMANIA
पुर्व स्वीकृत मिति: २०७९/०९/०१ चलानी नं.: ६०१९३४२३ L.T. No.: 277889

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ८४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrcian | 5 | 0 | | 600 | ७७,८९८ | | | | | | | |
| 3. | Factory Worker | 40 | 0 | | 550 | ७१,४०७ | | | | | | | |
| 4. | General Worker | 40 | 10 | | 550 | ७१,४०७ | | | | | | | |
| 5. | Kitchen Helper | 15 | 0 | | 550 | ७१,४०७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ १० गते (24 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल- सहेली म्यानपावर प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com



## मलेसियामा रोजगार | कम्पनी : LITTLE PENANG CAFE TOO SDN.BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०७९/०९/२८ चलानी नं.: ६०१९४९५९ LT. No.: 279349

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 25 | 0 | स. काममा दक्ष | 1500 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ १० गते (24 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np

# बक्स अफिस समाचार

# सन्देशमुलक र पर्यटन प्रवर्द्धनसम्बन्धी गीत लेखनमा सुवेदी

सुमन कुमार श्रेष्ठ/मध्यान्ह
काठमाडौं, २ माघ

**'एउटै छानो एउटै मानो गरौं हुँदैन र**
**सँगैबसी मानापाथी भरौं हुँदैन र ?'**

यसै साता युट्युबबाट रिलिज भएको यो गजलको रचना गीतकार प्रकाश सुवेदीले गरेका हुन्। लक्ष्मण शेषको संगीत रहेको यो गजललाई टेकबहादुर बलमपाकीले गाएका हुन् । हेर्ने भन्दा सुन्ने यो गजल अहिले विभिन्न सञ्चारमाध्यमबाट निकै बज्ने गरेको छ ।

हुन पनि प्रकाश सुवेदी गजल भन्दा गीत बढी लेख्ने गीतकार हुन् । करिब डेढ दर्शकदेखि यो क्षेत्रमा सक्रिय उनको हालै मात्र यो नयाँ गीत आएको थियो ।

**'हुन्छ हुन्छ भन्दा भन्दै टार्‍यौ सान्नानी**
**जवानीभर तड्पाएरै मार्‍यौ सान्नानी'**

सिर्जना र सेरोफेरो युट्युब च्यानलबाट सुवेदीको यो गीत गत महिना रिलिज भएको थियो । यसमा गायक आश्रित अधिकारीको स्वर र सुरेश अधिकारीको संगीत रहेको छ। यी त केही नमुना मात्र हुन् । गीतकार सुवेदीले लेखेका थुप्रै गीतहरु यसअघि बजारमा आइसकेका छन् । उनका धेरै गीतहरु लोकप्रिय रहेका छन् ।

कास्कीको रुपा गाउँपालिकामा जन्मिएका सुवेदीले स्कुले जीवनबाटै गीत लेखन यात्रा शुरु गरेका थिए। तथापि उच्च शिक्षा हासिल गर्ने क्रममा काठमाडौं आएपछि बल्ल उनको गीत रेकर्ड भयो ।

उनको पहिलो पटक टेलीचलचित्र 'भोलि कहिल्यै देखिँदैन'को शीर्ष गीत रेकर्ड भएको थियो। तथापि व्यावसायिक गीतको रुपमा उनको रेकर्ड भएको पहिलो गीत चलचित्र गुरु दक्षिणाको 'नहटोस् स्वाभिमान' हो। यो गीतमा शिब परियारको स्वर र बसन्त सापकोटाको संगीत रहेको थियो ।

हुन त प्रकाशलाई टेलीचलचित्र 'भोलि कहिल्यै देखिँदैन'को टाइटल गीतबाटै दर्शक स्रोताले चिन्न थालेका थिए । चलचित्र गुरु दक्षिणाको 'नहटोस् स्वाभिमान'बाट उनले थप चर्चा पाए। 'मेरो गीत सुन्नेहरु सबैलाई तपाई राम्रो गीत लेख्नुहुँदो रहेछ। अब गीति लेखन यात्रालाई अघि बढाउनु पर्छ भन्दै मलाई सबैले प्रेरण दिएपछि मैले त्यसपछिबाट निरन्तर गीत लेखनलाई अघि बढाएँ,' गीतकार प्रकाश सुवेदीले भने ।



यसरी चलचित्रबाट गीति लेखन यात्रा शुरु गरे पनि यसपछि उनले आधुनिक गीत/गजल लेखनलाई अघि बढाए। त्यो समयमा उनको रचनामा एकल आधुनिक गीतिसंग्रह 'भावना', अर्को एकल आधुनिक गीतिसँग्रह 'प्रदीप्त' बजारमा आयो । यी दुई गीतिसंग्रहका गीतले उनी व्यावसायिक गीतकारको रुपमा नेपाली गीति क्षेत्रमा राम्रैसँग स्थापित भए । त्यसलगत्तै उनको रचनामा संयुक्त गीतिसंग्रह 'प्रीशा' बजारमा आयो । संग्रहमा रहेको ६ वटामध्ये दुई वटा गीत प्रकाशको थियो। सोही समयमा उनको अर्को संयुक्त गीतिसँग्रह 'समिश्रण' पनि बजारमा आएको थियो । यो गीतिसंग्रहमा गीतकार सुवेदीले लेखेको दुई वटा गीत समेटिएको थियो ।

लामो समयदेखि विभिन्न शैलीका गीत लेख्दै आएका गीतकार सुवेदीका गजल तथा आधुनिक गीत, पप गीत, लोक, राष्ट्रिय भावको गीत, पर्यटन प्रवर्द्धन, स्थानीय निकाय परिचयात्मक गीत तथा सचेतनामुलक गीतहरु बजारमा आइसकेका छन् । यीमध्ये उनी पर्यटन प्रवर्द्धन, स्थानीय निकाय तथा राष्ट्रिय भावको गीत लेखनतर्फ बढी सफल छन् । विभिन्न सरकारी निकायसँगको सहकार्यमा उनले स्थानीय निकायतर्फ रुपा गाउँपालिका, दक्षिणकाली नगरपालिका, पनौती नगरपालिकाको परिचयात्मक तथा स्थानीय निकाय प्रवर्द्धन गीतहरु लेखेर दर्शक स्रोता माझ ल्याइसकेका छन् । सरकारी निकायतर्फ नै वैदेशिक रोजगार बोर्डका लागि उनले लेखेको सीपसम्बन्धी गीत पनि निकै रुचाइएको छ । यही गीतबाट उनले उत्कृष्ट सन्देशमुलक गीतकारतर्फको अवार्ड आठौं राप्ती अवार्ड समारोहमा हासिल गरे ।

प्रकाशको भनाइमा मायाप्रेमको गीत त जसले पनि रचना गर्छन् । 'देश र समाजका लागि केही फरक एवम् सन्देशमुलक तथा शिक्षाप्रदान गीत लेखौं भन्ने चाहना अनुसार मैले यस्ता गीतहरु लेख्ने क्रमलाई बढाएको हुँ । नभन्दै अहिले यस्ता गीतहरु लेख्ने अवसर मलाई धेरै नै मिलेको छ,' गीतकार प्रकाश सुवेदीले भने, 'दुई वर्ष अघि विश्व नै कोरोनाग्रस्त हुँदा कोरोना सम्बन्धि तीन वटा सचेतना गीत मैले लेखेको थिएँ । ती तीन वटै गीत रेकर्ड भएर बजारमा आएको थियो र गीतलाई श्रोताले रुचाएका पनि थिए ।' गीतकार सुवेदीको रचनामा हालसम्म पाँच दर्जन गीतहरु बजारमा आइसकेका छन् । प्रकाशका चर्चित गीतहरुमा तिमीलाई यति सम्झिएछु...., जति मायाँ लाग्छ मामुको..., टुक्रिएको देश हैन..., नभेट्दा त मन यति मिल्छ...., आऊ न सानु..., हुन्छ हुन्छ भन्दा भन्दै...लगायत थुप्रै रहेका छन् । आफ्ना केही गीतहरु अहिले पनि बजारमा आउने तयारीमा रहेको उनले बताए ।


## रास्कोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**आरसिपि-५, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सुचना प्रकाशित मितिः (२०७९/१०/०३)**

यस कार्यालयबाट मिति २०७९/०७/२३ मा राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान गरिएको सूचना बमोजिम तोकिएको म्याद भित्र प्राप्त हुनआएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र सारभुत रुपमा प्रभावकारी रहेको हुँदा उक्त बोलपत्रको स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सबैको जानकारीको लागि यो सात (७) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कवोल अंक रु. (मु.अ.कर सहित) |
|---|---|---|---|
| RM/079-80/ GOODS/NCB-01 | supply, delivery and installation of IT Materials upto office of Raskot Municipality, kalikot | Cybernetics Pvt. Ltd. kamaladi, ktm | Rs. 92,99,109.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation of Electronic Bids
## Urlabari Municipality
## Office of Municipal Executive
**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2079/10/03 (17th of January 2023)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Drain&Sidewall-Ward4&7,8-W-NCB-04-079/80 | Package II (Bhadramari marga drain nirman urlabari-4&7, Adhuro sidewall nirman pragati marga hudai meri tole uttar urlabari-8, Bal Bisauni sidewall nirman urlabari-8 morang) | 49,14,225.74 | 1,25,000.00 | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## शुन्य लागत अन्तर्गत मलेसियामा रोजगारी
## Employment in Malaysia under zero Cost

**कम्पनी : स्काटेक म्याक्ट्रोनिक्स एसडिएन. बिएचडी.**
(Company : ESCATEC MECHATRONICS SDN. BHD.
**ठेगाना** :/ Address : Johor, MALAYSIA / **जोहोर, मलेसिया**
**फोन: +६०७ ३५४ ६० ९०**, (Phone: +607 354 60 90) | **फ्याक्स: +६०७ ३५४ ६१ ००**, (Fax: +607 354 61 00)
**वेबसाइट**: (Website) www.escatec.com | **इमेल**: (E-mail): info@escatec.com

| पूर्व स्वीकृत मितिः २०७९/०७/१४ | चलानी नं: ६०१९०२०९ | एल टि नं : २७४४७१ | पुन: विज्ञापन |
|---|---|---|---|
| Pre Approval Date: 2022/10/31 | Invoice No.: 60190209 | LT No.: 274471 | Re- Advertisement |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand: पुरुष Male | माग संख्या No. of Demand: महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: आर एम RM | मासिक तलब Monthly Salary: ने.रु. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इलेक्ट्रोनिक उत्पादन Manufacturing Of Electronic | ३ 3 | ० 0 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४४,८०५ 44,805 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

